# कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट

१७ औ नगर सभाका सभा अध्यक्ष श्रीमान नगर प्रमुखज्यु, उपस्थित प्रमुख प्रसासकिय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, सम्पूर्ण नगर सभा सदस्यज्यूहरु उपस्थित सम्पूर्ण राष्ट्रसेवक कर्मचारीज्युहरु, यो नगर सभालाई प्रत्यक्ष/अप्रत्यक्ष सुनिरहनु भएका दाजुभाई तथा दिदि बहिनिहरु,

सर्वप्रथम लोकतन्त्र स्थापना, पुनर्स्थापना तथा संरक्षणका लागि आफ्नो जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु |

आ.व. २०८१/८२ को नीति, कार्यक्रम तथा बजेटलाई सफल बनाउन सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यबाद दिन चाहान्छु | बि.सं. २०७२ को नयाँ संविधान जारि भएसंगै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना भएको छ | शहिद र कृष्णपुर बासीका सपना साकार पार्न हामी सबै एक ढिक्का भएर अगाडी बढिरहेका छौ र यसको विकल्प समेत नरहेको कुरा पुनः अवगत गराउन चाहन्छु | व्यक्तिको श्रमको न्यायोचित मूल्य, सम्पतिको हक, बैचारिक स्वतन्त्रता, सार्वजनिक शिक्षा र सार्वजनिक स्वास्थ्यमा सहज पहुच हाम्रा नैसर्गिक अधिकार हुन | जनताले आफ्ना यिनै सेवा र अधिकार सजिलै प्राप्त गर्न सकोस भनि हाम्रो संविधान २०७२ ले **तिन तहको सरकार**को परिकल्पना गरेको छ | संविधानको यो परिकल्पना लाई सार्थक तुल्याउनु हाम्रो प्रमुख जिम्मेवारी ठान्दै यो नगर सभामा आगामी बर्ष २०८२/८३ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा आफुलाई निकै भाग्यशाली ठानेकी छु | मलाई यो अवसर प्रदान गर्नु हुने सम्पूर्ण मतदाता तथा यस नगर सभाका सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु |

२०७९ सालको स्थानीय निर्वाचनमा कृष्णपुर नगरपालिका दाजु भाई तथा दिदि बहिनिले हामीलाई निर्वाचित गरे पछी आ.व. २०७९/८०, आ.व. २०८०/८१, आ.व. २०८१/८२ नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वय पश्यात आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम पेश गर्दैछु | आ.व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट पेश गर्दै गर्दा कृष्णपुर नगरबासी दाजु भाई दिदिबहिनीले प्राप्त गर्ने सेवा थप सरल र सहज तरिकाले निर्भिकता पुर्वक प्राप्त गर्नु हुनेछ भन्ने कुरामा विस्वस्त छु साथै स्वच्छ, सफा र हरियाली युक्त वातावरण विकास गरि कृष्णपुर नगरपालिकालाई बातावरण मैत्री सहर बनाउने कुरामा थप प्रतिबद्द छु |

२०६२/०६३ को जन आन्दोलन, संबिधान सभाको निर्वाचन तथा संबिधान सभाबाट प्राप्त जनताको संबिधान हाम्रो मार्गदर्शक सिद्धान्त हो | यहि नै जनताको साझा मुल्य, मान्यता र संघर्षबाट प्राप्त अनमोल सम्पत्ति पनि हो | संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०७२ को परिधि र लोकतान्त्रिक समाजवादको चिन्तनलाई संस्थागत गर्दै जनताको हित र नगरको सम्वृद्धिमा ध्यान केन्द्रित गरि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने पुनः जमर्को गरेकी छु | यिनै नीति तथा कार्यक्रमलाई सफलतापुर्वक कार्य सम्पादन गर्न सम्भावित श्रोत परिचालन गरि यो बजेट तर्जुमा गरेकी छु | यो नीति कार्यक्रम तथा बजेट जनताको अपनत्व सहित अत्याधिक स्नेह प्राप्त गर्नेछ र कार्यान्वयन हुनेछ, भन्दै पूर्ण विश्वासका साथ प्रतिवद्ध छु |

**आदरणीय उपस्थित महानुभावहरु,**

आ.व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट पेश गर्दै गर्दा विगतमा यस कृष्णपुर नगरपालिकामा भएका राम्रा र अपुरा कामहरुलाई निरन्तरता दिदै आ.व. २०८१/८२ को समिक्षा सहित आ.व. २०८२/८३ को नीति, कार्यक्रम र बजेट यहाँहरु संग प्रस्तुत गर्दछु |

## कृष्णपुर नगरपालिकाको आ.व. २०८१/८२ को नीति, कार्यक्रम तथा बजेटको सामान्य समिक्षा

हामीलाई २०७९ को स्थानीय निर्वाचन पश्चात आ.व. २०७९/८०, २०८०/८१ र २०८१/८२ को नीति, कार्यक्रम तथा बजेटको प्रस्तुति गर्ने अवसर प्राप्त भएको थियो | सो नीति, कार्यक्रम तथा बजेट कार्यान्वय गर्नमा सहयोग पुर्याउनु हुने सम्पूर्ण जन निर्वाचित प्रतिनिधिज्युहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, कृष्णपुर नगरपालिका भित्र क्रियाशील राजनैतिक दलहरु, आम कृष्णपुरवासी दाजुभाई दिदीबहिनीहरु, पत्रकारज्यूहरु, सहयोगी सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु | चालु आ.व. २०८१/८२ को नीति कार्यक्रम तथा बजेटबाट यस आ.व. मा भएका र यस आ.व. को अन्त्य सम्म हुन सक्ने उपलब्धीहरु देहाए बमोजिमका छन् |

१. चालु आ.व. मा हामीले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु अधिकांश कार्यान्वनमा आई केहि पुरा भई केहि पुरा हुने क्रममा छन् |
२. शिक्षा तर्फः शिक्षक दरबन्दी मिलान, तहगत प्र.अ. व्यवथापन, नगरबाट विद्यालयहरुमा आवस्यक नगर शिक्षक प्रदान, भौतिक संरचनामा सूधार, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण, कृष्णपुर नगरपालिकाको शिक्षा नीति निर्माण,नगरपालिका भित्र रहेका सम्पूर्ण बालविकास केन्द्रमा प्रविधि मैत्री पठन पाठनका निमित्त आवयक पूर्वाधार तयार, ५ बर्षसम्म एकै ठाउँमा कार्यरत शिक्षकहरुको आवस्यकता अनुसार दरबन्दी मिलान, विद्यालयहरुमा ICT अनुदान, माद्यामिक विद्यालयको परिक्षा प्रणाली सुधार, आदि |
३. स्वास्थ्य तर्फः कृष्णपुर स्वास्थ्य चौकी ईमरजेन्सी सुविधा सहित २४ घण्टे निःशुल्क संचालन, कृष्णपुर स्वास्थ्य चौकी भित्र कृष्णपुर आरोग्य सेवा केन्द्र स्थापना र रेबिज भ्याक्सिनको उपलब्धता, नगरका आवस्यक स्थानमा बर्थिंग सेन्टर स्थापना र स्वास्थ्य संस्था भवनहरु निर्माण, गर्भवती महिला/बृद्ध/बालक/अति बिपन्न/ दुर्घटनामा परेका लाई निःशुल्क एम्बुलेन्स सेवा, नागरिक संग मेयर कार्यक्रम अन्तर्गत विभिन्न स्वास्थ्य शिविर संचालन गरी घरघरमा स्वास्थ्य सेवा प्रदान, कृष्णपुर नगरपालिका भित्र बिभिन्न स्थानमा स्वास्थ्य संस्था र खोप केन्द्र निर्माण लगायत अन्य सेवाहरु, सर्पदंश उपचार केन्द्र स्थापना, ICU सहितको एम्बुलेन्सको उपलब्धता |
४. भौतिक पूर्वाधारः नगरका भित्र आफ्नै साधन श्रोत उपयोग गरी सडकको स्तरोन्नतिका साथै संघ, प्रदेश र स्थानीय तहको सहयोगमा करिब ५० कि.मि. पिच सडक स्तरोन्नति, बिभिन्न ठाउँमा नयाँ बाटोको ट्र्याक खोल्ने कार्य, बिभिन्न ठाउँमा झुलुंगे पुल, स्ल्याब कल्भर्ट निर्माण, नदीहरुमा तटबन्ध निर्माण, बिभिन्न स्थानमा भौतिक पूर्वाधारको विकास
५. कृषि तथा पशुपंक्षी : कृषकहरुलाई प्रोत्साहन गर्नका निम्ति बिभिन्न किसिमका अनुदान प्रदान, कृषि क्षेत्रमा कार्यरत बिभिन्न संघ संस्थाहरु संग समुन्वय, कृष्णपुर नगरपालिका भित्र माटोको अवस्था परिक्षण र जैविक र रशायानिक मलको आवश्यक मात्रको पचिचान
६. स्वरोजगारः विद्यालयमा अध्ययनरत विधार्थीका निमित्त करियर काउन्सिलिंग कार्यक्रमको सुरुवात
७. अपराध नियन्त्रण तथा सुरक्षा : नगरका बिभिन्न स्थानमा मोहना चोक देखि बनारा सम्म CCTV क्यामरा जडान तथा मर्मत, लाघु औषध सम्बन्धी बिभिन्न जनचेतना मूलक कार्यक्रम संचालन, वडा नं ९ मा अस्थाई प्रहरी चौकी स्थापना कार्यको प्रारम्भ|
८. छाडा चौपाया व्यवस्थापनः नगरका बोभिन्न स्थानहरुमा गौशाला निर्माण, वडा नं ४ मा श्री ग्वासी समौजी धार्मिक महत्सब एवं सप्ताह ज्ञान गौ माहायज्ञ संचालन गरिएको र कृष्णपुर नगरपालिकाका विभिन्न

गौशालामा करिब १५०० गाई/गोरुहरु संरक्षणमा रहेको, जडबिजुला गौशालामा गाईको नस्ल सुधार केन्द्र स्थापना कार्यको प्रारम्भ ।

९. शुसाशन तथा कार्यालय व्यवस्थापनः जनताको गुनासो व्यवस्थापन गरी पारदर्शिता एवं शु-शासनलाई टेवा पुर्याउनका लागि अनलाईन हेलो मेयर (गुनासो व्यवस्थापन प्रणाली - https://gunaso.krishnapurmun.gov.np/) कार्यक्रम संचालन, नगरपालिकामा बिभिन्न समितिहरु निर्माण, कर्मचारी व्यवस्थापनका निमित्त PIS प्रणालीको प्रयोग, घर नक्सा पासका निमित्त ebps प्रणालीको प्रयोग

१०. भूमिः नगरमा अव्यवस्थित बसोबासिको भुमि नाप जाँच, विगतमा बिभिन्न आयोग, समितिबाट भएका जग्गाका अधुरा, अपुरा कार्यहरु द्रुत गरिमा अगाडी बढाई जग्गा धनि पुर्जा वितरण गरिएको छ, कृष्णपुर नगरपालिकाका बिभिन्न वडाको आधरभूत नाँप जाँच सम्पन्न गरी जग्गा धनि प्रमाणपत्र प्राप्तिका लागि भुमि समस्या समाधान आयोग कंचनपुरमा आवश्यक निर्णय गरी पठाईएको छ ।

११. नगरपालिकाका नाममा नगरपालिका परिसरको करिब एक बिगाह भन्दा बढी जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरिएकोछ ।

१२. कोल्ड स्टोर निर्माणका लागि मोहना चोक स्थित करिब १५ कट्ठा कब्जा गरिएको बहुमुल्य जग्गा नगरपालिका मातहतमा ल्याईएको छ ।

**उपस्थित महानुभावहरु,**

अब म यस कृष्णपुर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि नीति, कार्यक्रम तथा बजेट यस नगर सभामा पेश गर्न चाहन्छु । यस नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका विषयहरुलाई आधार लिएकी छु ।

१. नेपालको संविधानमा व्यवस्था भएका नीति, मार्गदर्शक सिद्धान्त, मौलिक हक अनुसूची ८ (स्थानीय सरकारको एकल अधिकारको सूची) र ९ (स्थानीय,प्रदेश, एवं संघ सरकारको साझा अधिकारको सूची) मा उल्लेखित अधिकार,

२. स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको नीतिगत व्यवस्था,

३. नेपाल सरकारको आ.व. २०८२ /०८३ को नीति तथा कार्यक्रम एबं बजेट बक्तब्य,

४. सुदूरपश्चिम प्रदेश सरकारको २०८२ /०८३ को नीति तथा कार्यक्रम एबं बजेट बक्तब्य,

५. कृष्णपुर नगरपालिकाले बिगतमा तय गरेका आवधिक तथा दिर्घकालिन नीतिहरु ।

अब म यस कृष्णपुर नगरपालिकाको आगामी आ.व. २०८२/८३ मा अबलम्बन गरिने क्षेत्रगत नीति तथा कार्यक्रम संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## "कृष्णपुर नगरपालिकाको लक्ष्य"

**"शिक्षा, स्वास्थ्य, कृषि तथा पशु, पर्यटन, पूर्वाधार विकास र उद्योग, आत्मनिर्भर कृष्णपुरमा श्रोतको सदुपयोग"**

## १. आर्थिक विकास तर्फ

"व्यावसायिक पशुपालन, खाद्यन तथा नगदे बालि (तरकारी खेति, फलफुल खेती) मार्फत गरिवी निवारणमा सहयोग पुग्ने लक्ष्य लिईएकोछ" ।

❖ **कृषि तथा पशुपन्छी**

"युवा स्वरोजगारका लागि कृषि"

(क) आ.व. २०८२/८३ मा पशुपालक कृषकहरुको सुविधाको लागि साईलेस (घाँस) बनाउने मेसिन जडान गरिनेछ र पशुपालक किसानलाई अनुदानमा साईलेस उपलब्ध गराईनेछ ।

(ख) कृषिमा युवाहरूको आकर्षण बढाउने र वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषि उद्यममा उच्च प्राथमिकताका साथ लगाईनेछ।

(ग) नगर कृषि यान्त्रीकरण कार्यक्रम संचालन गरिनेछ । यस अन्तर्गत साना तथा मध्यम किसानहरूलाई कृषि यन्त्र (जस्तै मिनी ट्र्याक्टर, थ्रेसर, पावर टिलर आदि) अनुदानमा उपलब्ध गराईनेछ।

(घ) युवा लक्षित कृषि उद्यम अनुदान कार्यक्रम संचालनमा ल्याईनेछ । स्वरोजगार सृजनाका लागि युवा कृषकहरूलाई व्यावसायिक खेती (जैविक तरकारी, फलफूल, मशरूम, परवल आदि) मा अनुदान र तालिम प्रदान गरीनेछ।

(ङ) व्यावसायिक गाईभैंसी पालन तथा डेरी उद्योग प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याईनेछ । किसानलाई उच्च उत्पादक नस्लका गाई, भैंसीको वितरण तथा दूध प्रशोधन केन्द्र स्थापनामा सहजीकरण गरिनेछ।

(च) हिउँदे खेती र बर्खे खेतीको बिचको समयमा बाँझो रहने जमिनमा चैते धान, मकै, मुंग, धैचा लगाउने कार्यलाई थप बिस्तार र प्रभावकारी बनाईनेछ ।

(छ) कुखुरा तथा बाख्रा पालन व्यवसाय प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । सामूहिक र सहकारी मार्फत व्यावसायिक बाख्रा तथा कुखुरा पालनमा प्रवर्द्धन, अनुदान र तालिम संचालनमा ल्याईनेछ।

(ज) स्थानीय भू–सामर्थ्यलाई उपयोग गर्दै पोषण सुरक्षामा योगदान पुर्‍याउने दलहन बालीको उत्पादन वृद्धि, बीउ प्रविधि विस्तार र बजारीकरण प्रवर्द्धन गरिनेछ।

(झ) केराको थामबाट जैविक रेशा तथा सामग्री उत्पादन सम्भाव्यता अध्ययन गरी पाइलट परियोजना सञ्चालन र उद्यमशीलता प्रवर्द्धन गरिनेछ।

(ञ) स्थानीय जातीय सम्पदा संरक्षण तथा व्यावसायिक खेती विस्तार गर्न थारु आलुको बीउ संरक्षण, उत्पादन प्रवर्द्धन र ब्रान्डिङमा जोड दिइनेछ।

(ट) कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

(ठ) सामूहिक कृषि खेतीलाई प्रोत्साहन गर्दै संलग्न किसानहरूलाई कृषि मिटर शुल्कमा दिइँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।

(ड) कृष्णपुर नगरपालिका भित्र रहेका खेती योग्य जग्गामा कुन खेती र कति मात्रामा मल (रासायनिक र प्रांगारिक) उपयुक्त हुन सक्छ भनि अध्यन गरिएको छ ।

(ढ) महिलाको आर्थिक सशक्तीकरणका लागि महिला सहकारीहरूको स्थापना तथा सहकार्यमा बाख्रा, गाई, भैसी, बंगुर, मौरी र कुखुरा पालनजस्ता गतिविधिमा सहयोग प्रदान गर्दै स्वरोजगार सृजना गरिनेछ।

(ण) विभिन्न कृषि सहकारीहरूको माध्यमबाट किसानहरूलाई मलखाद सहज रूपमा उपलब्ध गराउने पहललाई निरन्तरता दिइनेछ साथै विभिन्न गौशालाबाट उत्पादित प्रांगारिक मल किसानहरुलाई सहज रुपमा उपलब्ध गराईएको छ। गड्यौलाबाट उत्पादित हुने भर्मी कम्पोस्ट मलमा जोड दिइएको छ ।

(त) आगामी आ.व. २०८२/८३ मा वडा नं ५ मा कोल्ड स्टोर निर्माण कार्यका निमित्त ठेक्का प्रक्रिया सुरु हुनेछ।

(थ) वडा नं २ बनरा र वडा नं ६ मोहन चोकमा निर्माणाधीन हाटबजारहरू आगामी आर्थिक वर्ष २०८२/८३ देखि सञ्चालनमा ल्याइनेछ।

(द) मुक्त कमैया शिविरमा निःशुल्क बीउ बिजन तथा कृषि सामग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(ध) वडाहरू नं १, २, ३, ७, ८ र ९ मा जनताको पहुँच सुनिश्चित हुने गरी दुई स्थानमा कृषि सेवा केन्द्र र पशु सेवा केन्द्र स्थापना गरी प्राविधिकको व्यवस्था गरिनेछ।

(न) तरकारी खेतीमा संलग्न कृषकहरूको उत्पादनको बजारीकरणका लागि कृष्णपुर नगरक्षेत्र बाहिर पनि बिक्री स्टलको व्यवस्था गरिनेछ र कृषि मेलामार्फत प्रवर्द्धन गरिनेछ।

(ऩ) किसान वर्गीकरण गरी उत्पादनमा प्रोत्साहन प्रदान गर्ने नीति लागू गरिनेछ।

(प) जैविक मल उत्पादन तथा यसको बजारीकरणमा अनुदान दिइनेछ।

(फ) व्यावसायिक पशुपालन फर्म (गाई, भैसी, बंगुर, बाख्रा, कुखुरा, मौरी, माछा) को विकास तथा विस्तारका लागि सहभागी आधारित अनुदान नीति लागू गरिनेछ।

(ब) उन्नत जातका बीउ बिजनमा अनुदान प्रदान गरिनेछ र बगर क्षेत्रका किसानहरूलाई खेतीमा प्रोत्साहित गरिनेछ।

(भ) वडा नं ७, ८ र ९ लाई विशेष पशुपालन 'पकेट एरिया' को रूपमा थप प्रभावकारी बनाइनेछ।

(म) कृषकहरूलाई कृषि तथा पशु बीमामा सहभागी हुन प्रोत्साहित गरिनेछ।

(य) वडा नं १ र ४ को घाडीघाँच क्षेत्र तथा वडा नं २ को बाणी शिविर र खल्ला गोठ लगायत नगरपालिकाको अन्य क्षेत्रलाई विशेष मौरी पालन पकेट क्षेत्रका रूपमा विस्तार गरिएको छ र थप प्रभावकारी बनाउदै लगिनेछ।

(र) किसानलाई कृषि तथा पशुपालनसम्बन्धी प्रविधि र सीप तालिम प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(ऱ) मासुजन्य पसलहरूको स्तरोन्नति गर्न अनुदान दिने कार्यलाई प्राथमिकता दिइनेछ।

(ल) कृषि सहकारीमार्फत किसानहरूलाई विशेष सुविधा उपलब्ध गराइनेछ।

( ) कृषि आधारित उद्योगहरूलाई कर छुटको व्यवस्था गरिने नीति अवलम्बन गरिएको छ|

( ) व्यावसायिक डेरी उद्योग प्रवर्द्धन गर्न अनुदान प्रदान गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

(व) माछा पालन गर्ने किसानहरूलाई प्रोत्साहन गरिनेछ।

(श) कृषिको उत्पादन र व्यावसायिकता वृद्धि गर्न सामुदायिक वनसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। कागती, बेल, चिउरी, अमला, हर्रो, बर्रो, बाँस, बेत जस्ता औद्योगिक कच्चा पदार्थको उत्पादनलाई बढाइनेछ र निजी क्षेत्रलाई समेत सहभागिताका लागि प्रेरित गरिनेछ।

- **खानेपानी तथा सरसफाई**

**(क) आ.व. २०८१/८२ मा निर्माण गरिएको n-wash plan का आधारमा कार्यक्रम अगाडी बढाईनेछ |**

**(ख) प्रत्येक वर्ष वर्षा सुरु हुनु पूर्व नगरभित्रका ढल, नाला तथा कुलोहरूको सरसफाइ, मर्मत र अवरोध हटाउने कार्य योजनाबद्ध रूपमा सञ्चालन गरिनेछ। वडास्तरमा जनप्रतिनिधि, प्राविधिक र स्थानीयको समावेशी टोलीद्वारा अनुगमन गरिनेछ।**

**(ग) विद्यालय तहबाटै प्लास्टिकजन्य वस्तुको प्रयोग रोक्दै पुनः प्रयोग योग्य सामग्रीको प्रयोगलाई प्रवर्द्धन गरिनेछ। सचेतनामूलक कार्यक्रम, चित्रकला तथा फोहोरजन्य सामग्री प्रदर्शनी सञ्चालन गरिनेछ।**

(घ) प्रत्येक घरधुरीमा सुरक्षित र स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गरिनेछ । साथै, खानेपानीका स्रोतहरू जस्तै ताल, पोखरी आदिको संरक्षणका लागि "ताल/पोखरी बचाउ अभियान" लाई निरन्तरता दिइनेछ।

(ङ) कृष्णपुर नगरपालिकालाई पूर्ण सरसफाइयुक्त नगर घोषणा गर्न टोल स्तरमा सरसफाइ अभियानलाई प्रभावकारी बनाइनेछ। नगर तथा वडा स्तरमा नियमित अनुगमन गरिनुका साथै खानेपानी तथा सरसफाइ समिति गठन गरी तिनलाई थप उत्तरदायी बनाउने नीति लागू गरिनेछ।

(च) फोहोर व्यवस्थापनका लागि निजी क्षेत्र र सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै सूचना तथा सञ्चार प्रणालीको विकास गरिनेछ। ४० माइक्रोनभन्दा कम मोटाइका प्लास्टिक झोलाको उत्पादन, बिक्री र वितरणमा प्रतिबन्ध लगाई वैकल्पिक झोलाको प्रयोगमा प्रोत्साहन गरिनेछ।

(छ) "मेरो फोहोर, मेरो जिम्मेवारी" अभियानलाई प्रवर्द्धन गर्दै फोहोरको स्रोतमै वर्गीकरण गर्ने नीति कार्यान्वयन गरिनेछ।

(ज) वडा नं २ को नयाँ बस्ती सरस्वती टोलमा रहेको बाणी ग्रामीण खानेपानी आयोजनालाई बैजनाथ टोलस्थित बाणी खानेपानी तथा सरसफाइ समितिमा गाभेर एकीकृत गरि नयाँ बस्तीका घरघरमा खानेपानी पुराउने व्यवस्था गरिने कुरालाई निरन्तरता दिईनेछ।

(झ) एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र (डम्पिङ साइट) निर्माणका लागि सम्भाव्यता अध्ययन गरी निर्माण कार्य थालिनेछ। यसमा कृष्णपुर नगरपालिका, शुक्लाफाँटा नगरपालिका (कञ्चनपुर) र गोदावरी नगरपालिका (कैलाली) सँग साझेदारीमा पहल गरिनेछ।

(ञ) नगरको मुख्य बजार क्षेत्र तथा वडाका मुख्य चोकहरूमा सार्वजनिक शौचालय निर्माण गरी शुद्ध खानेपानीको व्यवस्थासहित सहज पहुँचयुक्त सेवा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

(ट) नगर क्षेत्रको वातावरणीय स्वच्छता कायम राख्न बजार क्षेत्रमा फोहोर सङ्कलनका लागि कन्टेनरहरूको व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

(ठ) प्राकृतिक खोल्सा, नाला, कुलो आदि सफा गरी पानीको सहज बहाव सुनिश्चित गरिनेछ।

(ड) नगर क्षेत्रभित्र फोहोरमैला व्यवस्थापनका लागि उद्योग वाणिज्य संघ तथा बजार व्यवस्थापन समितिसँग समन्वय गर्दै फोहोर संकलन शुल्क निर्धारण गरी संकलन गरिनेछ।

❖ **युवा तथा खेलकुद**

**(क) कृष्णपुर नगरपालिका स्थाई बासिन्दा अलम्पीयन दिपक बिष्टलाई कृष्णपुर नगरपालिकाको खेलकुद दूत बनाईएको छ | उहाँ लगायत यस क्षेत्रका अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी तथा खेलप्रेमीसंग समन्वय गरी खेलकुद क्षेत्रको थप बिकास अगाडी बढाईनेछ |**

(ख) **युवा नेतृत्व, उद्यमशीलता र रोजगारमूलक कार्यक्रमहरूलाई प्राथमिकता दिँदै युवा समूह, क्लब तथा संस्थाहरूसँग साझेदारीमा तालिम, सीप विकास तथा स्टार्टअप प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।**

(ग) **खेलकुद पूर्वाधार विकासको लागि नगर क्षेत्रका विद्यालय, वडास्तरका खेलमैदान र बहुउद्देश्यीय खेल संरचनाहरू निर्माण तथा स्तरोन्नति गरिनेछ।**

(घ) **वार्षिक रूपमा 'नगर युवा तथा खेल महोत्सव' आयोजना गरिनेछ जसअन्तर्गत विभिन्न खेलकुद प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, उद्यम प्रदर्शन, तथा प्रेरणादायी युवा वक्तृत्व कार्यक्रम सञ्चालन गरिनेछ।**

(ङ) **महिला, अपाङ्ग, आर्थिक रूपमा पछाडि परेका युवालाई लक्षित गरी समावेशी खेलकुद तथा सीप विकास तालिम सञ्चालन गरिनेछ।**

(च) **स्वदेश तथा विदेशमा रहँदै आएका युवाबीच सम्पर्क तथा समन्वय स्थापनाका लागि "नगर युवा नेटवर्क" गठन गरिनेछ, जसले दीर्घकालीन युवा रणनीति निर्माणमा सघाउनेछ।**

(छ) **खेल प्रशिक्षक तथा प्रशिक्षार्थीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।**

(ज) **नगर स्तरमा डिजिटल खेलकुद अभिलेख प्रणाली तयार गरिनेछ, जसमा खेलाडीहरूको विवरण, प्रतियोगिता नतिजा, पुरस्कार तथा सम्बन्धित संस्थाको जानकारी समेटिनेछ।**

**(झ) विद्यालयका खेलकुद शिक्षकहरुलाई थप तालिम दिई विद्यालय खेलकुदलाई प्राथमिकतामा राखिनेछ|**

(ञ) कृष्णपुर नगर खेलकुद विकास समितिलाई सुविधा सम्पन्न बनाई खेलकुद र युवा मैत्री कार्यक्रम संचालन गरिनेछ |

(ट) एक वडा एक खेलकुद मैदान बनाउने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिईनेछ | यसका लागि प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ |

(ठ) उप प्रमुख बालिका कप भालिबाल प्रतियोगिता लाई निरन्तरता दिईनेछ |

(ड) कृष्णपुर नगरपालिकामा तिन क्लस्टर बनाई कम्तिमा तिन वटा रंगशाला निर्माण गरिनेछ र यसै आ.व. २०८२/८३ मा ठेक्का प्रक्रिया अगाडी बढाईनेछ |

(ढ) युवा लक्षित Open Gym house को स्थापना आवस्यक अन्य स्थानमा समेत गरिनेछ |

(ण) युवा स्वरोजगारलाई प्रोत्साहिन गरिनेछ |

(त) नगरमा खेल प्रशिक्षक नियुक्त गर्ने व्यवस्था गरिनेछ |

(थ) मेयर कप फुटवल र मेयर कप क्रिकेट प्रतियोगितालाई आयोजना गरिने छ | यी कार्यक्रमहरु विद्यालय स्तरमा संचालन गरिनेछ |

(द) मादक पदार्थ, धुम्रपान, लागु औषध जस्ता दुर्व्यसनबाट बचाउन विद्यालय, क्याम्पस, गैर सरकारी संस्था र क्लबहरु संग सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ |

❖ **सामाजिक सुरक्षा**

(क) **सामाजिक सुरक्षाको दायरालाई प्रभावकारी बनाउँदै ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, असहाय बालबालिका, आदिवासी/जनजाति, दलित, अति गरिब तथा जोखिममा परेका परिवारलाई लक्षित गरी सामाजिक सुरक्षा भत्ता, सेवा र सुविधा सुनिश्चित गरिनेछ।**

(ख) **नागरिकको आवश्यकताको पहिचान तथा अनुगमन गर्न "सामाजिक प्रोफाइलिङ" प्रणाली लागू गरिनेछ जसबाट लक्षित वर्ग पहिचान गर्न सहज हुनेछ।**

(ग) **नगरस्तरीय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी सामाजिक सुरक्षा कार्यक्रमहरूको कार्यान्वयनमा एकद्वार प्रणाली अपनाइनेछ।**

(घ) **वडा स्तरमा "सामाजिक सेवा सहजकर्ता" परिचालन गरि लक्षित लाभग्राहीको पहुँच अभिवृद्धि तथा सेवा वितरणमा पारदर्शिता कायम गरिनेछ।**

(ङ) **सामाजिक सुरक्षाका लाभग्राहीलाई सूचना, स्वास्थ्य, शिक्षा, अपाङ्ग मैत्री पूर्वाधार र आयआर्जनसँग सम्बन्धित कार्यक्रमहरूमा प्राथमिकता दिइनेछ।**

(च) **बालबालिका, महिला र अपाङ्गता भएका व्यक्तिहरूको आत्मसम्मान र सहभागिता प्रवर्द्धन गर्न अभिमुखीकरण, मनोसामाजिक सहयोग, क्षमता विकास तथा कानुनी सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ।**

(छ) **सामाजिक सुरक्षा सेवामा प्रविधिको प्रयोग प्रवर्द्धन गर्दै भुक्तानी प्रणालीलाई डिजिटल तथा सहजीकरणमुखी बनाइनेछ।**

(ज) **यसै आर्थिक बर्षमा नगरपालिका परिसरमा स्थानपान कक्ष र अपांग सेवाग्राही विश्राम कक्ष निर्माण गरिनेछ ।**

(झ) महिलाहरुलाई बिभिन्न सिपमुलक कार्यक्रम ल्याई महिलाहरुको शिप विकास गर्दै सशक्तिकरणमा बिशेष जोड दिईनेछ । सामुहिक रुपमा व्यवसाय संचालन गर्न अनुदानको व्यवस्था गरिएनेछ ।

(ञ) रानाथारु, डगौरा थारुका समस्याहरुलाई सम्बोधन गर्दै बिभिन्न मागमा आधारित कार्यक्रमलाई निरन्तरता दिईनेछ । कृष्णपुर नगरपालिका वडा नं ७ मा राना थारु र कृष्णपुर नगरापालिका वडा नं ६ मा डगौरा थारु संग्रालय स्थापना गरिनुका साथै भलमन्सा समाज अक्षय कोष स्थापना गरिनेछ । राना थारु, चौधरी थारु समुदायमा पधना/भलमन्सा मार्फत संस्कृति संरक्षणका लागि अभियान संचालन गरिनेछ ।

(ट) वडा नं ७ मा राना थारुको कचहेरी घर निर्माण गरिने कार्यको सुरुवात गर्नुका साथै नगर भरी चराईको स्थल व्यवस्थापन र भुईया निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

(ठ) महिला, बालबालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाती, पिछडीएका वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, मुक्त कमैया, मुक्त कमलरी, सुकुम्बासी, विपन्न, सिमान्तकृत, अल्पसंख्यक, कोरोना पिडित, आप्रवासमा रोजगार गुमाएका मजदुर जस्ता लक्षित वर्गको जीवनस्तरमा सुधार ल्याउन लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

(ड) अल्पसंख्यक, पिछदिएका, सिमान्तकृत तथा दलित समुदायलाई समाजको मुलधारको अग्र पंतिमा ल्याउन बिभिन्न सचेतना कार्यक्रम ल्याईनेछ ।

(ढ) द्वन्दपीडित, अपाङ्ग, दलित, असहायको सामाजिक जीवनको सुरक्षाको सुनिश्चिता गरिनुका साथै जेष्ठ नागरिकलाई आश्रममा हैन घरमै सुरक्षित एवं सम्मान जनक रुपले बस्ने बातावरण बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

(ण) दलित समुदायको परम्परागत व्यवसायलाई आधुनिक बनाई साना तथा लघु, घरेलु उधोग स्थापनामा जोड दिई अनुदानको व्यवस्था गरिनेछ । दलित संग्रालयको सथापना गरिनेछ ।

(त) बालबालिकाको रुचिलाई ध्यानमा राखी चिल्ड्रेन पार्क, इको पार्क र फनपार्कको निर्माण गरिनेछ । महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत महिला अधिकार, महिला हिंसा, बालबालिका माथि हुने विभिन्न हिंसा सम्बन्धी सचेतनामुलक कार्यक्रम लागु गरिने छ ।

(थ) नगरपालिका भित्र रहेका मसानघाट, समाधि स्थल निर्माण एवं व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

(द) अपांगता भएका व्यक्तिहरुलाई कृतिम हात खुट्टा र सहायक सामग्रीहरु वितरणको कार्यलाई निरन्तरता दिइनेछ । अपांगता भएका र एकल महिलाहरुको आत्मसम्मान बढ्ने गरि आर्थिक स्वावलम्बन हुने कार्यक्रम संचालन गरिनेछ ।

(ध) महिला तथा बालबालिकाको लैंगिक हिँसा मुक्त नगर बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ । लैंगिक हिँसा पीडित महिला तथा बालबालिकाको लागि सामुदायिक सेवा केन्द्र संचालनलाई प्रभावकारी बनाइने छ ।

(न) नगरपालिकाको वडाहरुलाई बाल मैत्री स्थानीय शासन घोषणा गरिनेछ र सुरुवात वडा नं १ बाट गरिनेछ ।

(ऩ) हिंसामा परेकाहरुलाई व्यवस्थापन गर्न सेवा केन्द्र (Safe House) को भवन निर्माण गर्न शुरुवात गरिनेछ ।

(प) विपन्न, दलित, आदिवासी, जनजाती लगायत पछाडी परेका वर्ग र समुदायका लागि विशेष कल्याणकारी, आयमुलक कार्यक्रम संचालन गरिनेछ ।

(फ) सेवामुलक क्षेत्रहरुसँगको सहकार्यमा बेसहारा बालबालिकालाई आश्रय दिइनेछ ।

(ब) दिर्घ रोगी, गरिब विपन्न, घटना दुर्घटनामा परेका नगरबासीलाई आर्थिक सहयोग दिने कार्यलाई निरन्तरता दिइनेछ ।

❖ वित्तीय क्षेत्र

(क) नगरको वित्तीय प्रणालीलाई पारदर्शी, सहभागी र उत्तरदायी बनाउने उद्देश्यले बजेट निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रक्रियामा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ।

(ख) राजस्व संकलन प्रणालीलाई प्रभावकारी बनाउँदै स्वचालित प्रणाली (online tax system) को प्रयोग, करदाताको अभिलेख व्यवस्थापन, कर शिक्षासम्बन्धी कार्यक्रम तथा राजस्वको वर्गीकरण गरिनेछ।

(ग) समावेशी बजेट निर्माण सुनिश्चित गर्न वडा तहसम्मका सरोकारवालाको सहभागिता सुनिश्चित गरी आवश्यकता आधारित बजेट योजना तयार गरिनेछ।

(घ) योजनाहरूको छनोट, अनुबन्ध, भुक्तानी र सार्वजनिक खरिद प्रक्रियामा SUTRA, EGP र अन्य विद्यमान प्रविधिको पूर्ण पालना गरिनेछ।

(ङ) नगद प्रवाह व्यवस्थापनलाई व्यवस्थित बनाउन एकीकृत लेखा प्रणाली तथा डिजिटल भुक्तानी प्रणालीलाई सशक्त बनाइनेछ।

(च) अनियमितता न्यूनीकरण तथा वित्तीय अनुशासन कायम गर्न आन्तरिक लेखा परीक्षण प्रणालीलाई सशक्त बनाउँदै "वित्तीय अनुशासन मूल्यांकन संयन्त्र" स्थापना गरिनेछ।

(छ) स्थानीय स्रोत परिचालन, नविन आर्थिक पहल तथा सार्वजनिक-निजी साझेदारी (PPP) मार्फत पूर्वाधार तथा सेवा विस्तारका कार्यक्रमहरूलाई वित्तीय प्राथमिकतामा राखिनेछ।

(ज) कृष्णपुर नगरपालिका भित्र सहज रुपमा वित्तीय संस्थामा पहुँच पुर्याईनेछ | साथै वित्तीय सस्थालाई समेत अनुगमन तथा नियमन गरिनेछ |

(झ) वित्तीय संस्था मार्फत किसानहरुलाई सहुलित दरको कृषि ऋणमा पहुच पुर्याईनेछ |

(ञ) वित्तीय क्षेत्रको अभिन्न अंग सेयर मार्केटका बिषयमा कृष्णपुर नगर बासि हरुलाई जानकारी गराइनेछ |

(ट) कृष्णपुर नगरका नगर बासीहरुको बचत वृद्धिका निम्ति बिभिन्न वित्तीय संस्थामा खाता खोल्ने बिषयलाई प्रोत्साहन गरिनेछ |

(ठ) सामाजिक सुरक्षा भत्तालाई सर्वशुलभ रुपमा वितरण गर्न वित्तीय संस्थाहरु संग समन्वय गरि घुम्ती बैंक संचालनलाई थप प्रभावकारी बनाईने छ |

(ड) लगुबित्तको हरेक क्रियाकलाप र गतिविधिको अनुगमन गरिनेछ |

❖ रोजगारी र आप्रवासन

(क) स्थानीय सीप, स्रोत र आवश्यकता अनुरूप रोजगारी सिर्जना गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ, विशेषतः युवा, महिला, विपन्न तथा सीमान्तकृत समुदायलाई प्राथमिकतामा राखीनेछ।

(ख) युवालाई स्वरोजगार, उद्यमशीलता र स्टार्टअपमा आकर्षित गर्न तालिम, परामर्श, सहुलियत ऋण तथा व्यवसाय प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) वैदेशिक रोजगारी जाने व्यक्तिहरूको पूर्व-प्रशिक्षण, कानुनी परामर्श, स्वास्थ्य परीक्षण तथा बीमा प्रणाली सुदृढ गरिनेछ।

(घ) नगरस्तरमा "आप्रवासन सूचना कक्ष" स्थापना गरीएको छ र सोका मार्फतबाट वैदेशिक रोजगारी सम्बन्धी जानकारी, अभिलेख, पुनःएकीकरण सेवा तथा समस्यासमाधानको व्यवस्था मिलाइएकोछ ।

**(ङ) विदेशबाट फर्केका श्रमिकहरूको सीप अभिमुखीकरण गरी तिनलाई स्वदेशमा उत्पादनमुखी तथा सेवा क्षेत्रका उद्यममा जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ।**

**(च) सुरक्षित, व्यवस्थित र मर्यादित आप्रवासनलाई प्रवर्द्धन गर्दै श्रमिक हक-अधिकारको संरक्षणका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।**

**(छ) कृष्णपुर नगरपालिका भित्रका विद्यार्थीहरूलाई शैक्षिक र व्यावसायिक मार्गदर्शन प्रदान गर्न "क्यारियर काउन्सेलिङ केन्द्र" स्थापना भएकोछ, जसले तिनीहरूलाई भविष्यको अध्ययन, रोजगारी र उद्यमशीलतासम्बन्धी निर्णयमा सहयोग पुऱ्याउनेछ। यस कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाउदै लगिनेछ ।**

(ज) दक्ष कामदारहरुको सिप परिक्षण (level test) गरीनेछ ।

(झ) कृष्णपुर नगरपालिका भित्र रहेका दक्ष व्यक्तिहरुको सूचीकरण गरिनेछ ।

(ञ) जीवन उपयोगी सिपहरु सम्बन्धी तालिम संचालन गरिनेछ ।

(ट) कामका लागि भारत तथा अन्य देश गएर फर्किएका नेपाली आप्रवासी कामदारहरुलाई स्वदेशमा रोजगारी सिर्जना गर्न विदेशबाट फ़र्किएकाहरुको सिप विवरण संकलन गरि सोहि सिप अनुसारको कामका लागि आवश्यक वातावरण मिलाइनेछ ।

(ठ) कृष्णपुर नगरपालिकामा अर्ध दक्ष कामदार व्यापक रुपमा रहेको अवस्थामा अर्ध दक्ष कामदारलाई दक्ष बनाई रोजगारीमा समाहित गर्न सहयोग गरिनेछ ।

(ड) रोजगार रणनीति २०८१ अध्यावधिक गरी कार्यन्वयनमा ल्याईनेछ ।

(ढ) बैदेशिक रोजगारमा जान चाहने ईच्छुक कृष्णपुर नगरबासीलाई आवश्क बैदेशिक भाषाको कक्षा संचालनमा ल्याईनेछ ।

(ण) सुचिकृत बेरोजगारका लागि कामका लागि पारिश्रमिकमा आधारित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

(त) विदेशबाट फ़र्किएकाहरुले कुनै उधोग, व्यवसाय आदि संचालन गरि स्वरोजगार तथा रोजगार हुन् चाहेमा उनीहरुको लगानीमा सस्तो बैक ब्याजमा ऋण प्राप्तिका लागि आवश्यक सहजीकरण र योजनामा आवश्यक अनुदानको व्यवस्था मिलाईनेछ ।

(थ) बजारमा आत्याधिक मागमा रहेका बैण्ड बाजा बजाउने तालिम, पन्चे बाजा बजाउने तालिम, कडाई तालिम, बुटिक तालिम, सिलाई कटाई तालिम, ब्युटिसियन तालिम, क्रिष्टलको माला, व्याग, छल्ला, पातको दुना टपरी, टायल मार्बल बिछ्याउने तालिमलाई संचालन गरिनेछ ।

(द) रोजगारका लागि नगर क्षेत्रका युवाहरुलाई बिभिन्न परामर्श दाता कम्पनि संग सहकार्य गराईनेछ ।

(ध) रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाइ प्रदेशमा रोगजार गुमाएका आप्रवासी कामदारलाई स्वदेशमै कृषि कार्य गर्न नगरले प्रोत्साहन गर्नेछ ।

## २. <u>सामाजिक विकास</u>

❖ शिक्षा

(क) कृष्णपुर नगरपालिका वडा नं ४ मालुवेला, ग्वासी समैजी मन्दिर परिसरमा संस्कृत विषय (गुरुकुल) को शिक्षा संचालनमा ल्याईनेछ ।

(ख) कृष्णपुर नगरपालिका तहअन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा शिक्षण-सिकाई गुणस्तर अभिवृद्धि गर्नका लागि दक्ष जनशक्ति परिचालन, तालिम, मूल्याङ्कन र अनुगमनको संयन्त्र सुदृढ गरिनेछ।

(ग) विद्यार्थीको सिकाइ उपलब्धि, सीप विकास तथा जीवनोपयोगी ज्ञानमा आधारित शिक्षण सिकाइ प्रविधि प्रवर्द्धन गरिनेछ।

(घ) पठन पाठन सहजीकरण गर्नका निमित्त केहि विद्यालयलाई स्कुल बस उपलब्ध गरईनेछ ।

(ङ) कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरूलाई लक्षित गरी नैतिक शिक्षा, उद्यमशीलता, डिजिटल साक्षरता, कृषि/प्राविधिक सीप तथा वातावरणीय शिक्षा समावेश गरिएको स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ।

(च) "स्कूल-कम्युनिटी इन्टिग्रेशन" कार्यक्रम सञ्चालन गरिनेछ जसअनुसार विद्यालय र स्थानीय समुदायबीचको सहकार्यमा बालबालिकाको सिकाइ सुधार, पोषण, अनुशासन, र जीवन सीपका कार्यक्रम सञ्चालन गरिनेछ।

(छ) विद्यालयमा "सीपमूलक शिक्षा कक्ष" स्थापना गरिनेछ जहाँ विद्यार्थीहरूले सिलाई-कटाई, कम्प्युटर, कृषिसम्बन्धी प्रारम्भिक ज्ञान र व्यावसायिक तालिम प्राप्त गर्न सक्नेछन्।

(ज) शिक्षकहरूको निरन्तर व्यावसायिक विकासका लागि स्थानीय तहको बजेटबाट तालिम, अध्ययन अवलोकन भ्रमण तथा "प्रशिक्षक शिक्षक" (Master Trainer) प्रणाली लागू गरिनेछ।

(झ) बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ता (शिक्षक)हरूको क्षमता अभिवृद्धि तथा मनोबल वृद्धिका लागि तालीम, अनुगमन र सेवा प्रवाह आधारमा क्रमबद्ध स्तरवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

(ञ) विद्यार्थीको सर्वाङ्गीण विकासमा अतिरिक्त क्रियाकलापको भूमिका महत्त्वपूर्ण रहेकोले विद्यालयलाई अतिरिक्त क्रियाकलाप संचालनका लागि छुट्टै बजेट विनियोजन गरिनेछ।

(ट) शैक्षिक समन्वय र सिकाइ आदान-प्रदान प्रवर्द्धन गर्न वडा र नगरस्तरीय अन्तरिक शैक्षिक क्रियाकलाप (हाउसम्याच, वादविवाद, विज्ञान प्रदर्शनी, निबन्ध, कविता, चित्रकला आदि) सञ्चालन गरिनेछ।

(ठ) विद्यालयमा खेलकुद शिक्षाको गुणस्तर वृद्धि गर्न खेल शिक्षकहरूलाई विषयगत तथा व्यवहारिक तालीम प्रदान गरिनेछ।

(ड) शिक्षण-शिकाई प्रक्रियामा असमानता देखिएका विद्यालयहरूबीच अनुभव आदानप्रदान, साझा रणनीति निर्माण तथा सिकाइ अन्तर घटाउने उद्देश्यले अन्तरक्रिया कार्यक्रम आयोजना गरिनेछ।

(ढ) शिक्षकहरूको मूल्याङ्कन दक्षता वृद्धि गर्न "प्रश्नपत्र निर्माण सम्बन्धी तालीम कार्यक्रम" सञ्चालन गरिनेछ।

(ण) प्रविधिमैत्री सिकाइ प्रवर्द्धन गर्न नगरपालिकाका प्राथमिकताका आधारमा डिजिटल कक्षा स्थापना तथा सामग्री उत्पादनमा लगानी गरिनेछ।

(त) विद्यालय व्यवस्थापन समितिहरू (SMC) र अभिभावक शिक्षक संघ (PTA) लाई सक्रिय, उत्तरदायी र सहभागी बनाउन अभिमुखीकरण तथा नेतृत्व विकास तालीम आयोजना गरिनेछ।

(थ) विद्यालय, शिक्षक र अभिभावकबीच सहकार्य र संवादको सेतुका रूपमा "अभिभावक दिवस" प्रत्येक विद्यालयमा आयोजनाको लागि आवश्यक बजेट र मार्गनिर्देशन प्रदान गरिनेछ।

(द) विद्यालय र समुदायबीचको सम्बन्ध मजबुत पार्न "विद्यालय-समुदाय विकास कार्यक्रम" सञ्चालन गरिनेछ, जसमा सामाजिक उत्तरदायित्व, स्वस्फूर्त सहभागिता र सहकार्यलाई प्रवर्द्धन गरिनेछ।

**(ध) विद्यालय प्रशासनमा कार्यरत कर्मचारीहरूको व्यवस्थापकीय दक्षता वृद्धि गर्न प्रशासनिक क्षमता विकास तालीम सञ्चालन गरिनेछ।**

**(न) कक्षा १ देखि ३ सम्मको सिकाइ वातावरण सुदृढ गर्न शैक्षिक सामाग्री, कक्षा सजावट, बालमैत्री उपकरण र शिक्षक मार्गदर्शन सामग्रीमा आधारित "सिकाइ पठनपाठन वातावरण विकास कार्यक्रम" लागू गरिनेछ।**

**(ऩ) नगर शिक्षक अनुदानमा रु २००० थप गरिनेछ |**

**(प) लबरु राना थारु उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम संचालनमा ल्याईनेछ |**

**(फ) कोरियन सरकारको सहयोगमा वडा नं ७ खैरेनीजालामा प्रदेश स्थरिय टेक्निकल कलेजको स्थापना गरिनेछ |**

**(ब) कृष्णपुर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, विद्यालयमा कार्यरत शिक्षक/ कर्मचारीहरुले अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पठनपाठन गराउने नीति लीइनेछ |**

(भ) आर्थिक स्रोतका अभावले कुनै पनि बालबालिका शिक्षाबाट वन्चित नहुन भन्नका लागि छात्रवृत्ति वितरण कार्यलाई वस्तुगत बनाई गरिब, जेहेन्दार तथा लक्षित समूहलाई केन्द्रित गरि आवस्यक छात्रवृत्तिलाई निरन्तरता दिईनेछ |

(म) रात्रीकालिन छात्रावास संचालन गरेका तथा आगामी दिनमा संचालन गर्ने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ |

(य) संस्थागत विद्यालयहरुले नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम छात्रवृति नगरपालिकाको सिफारिसमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ |

(र) सार्वजनिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने कुरामा जोड दिईनेछ एवं आवश्यक नीति अवलम्बन गरिने छ | अंग्रेजी माध्यमबाट पठनपाठन गराईरहेका विद्यालयहरुलाई नगद अनुदान दिई प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिइनेछ |

(ऱ) सार्वजनिक शिक्षाको शैक्षिक गुणस्तर सुधारमा जोड दिइने छ | विद्यालय, शिक्षक, विद्यार्थी संख्याको अनुपातमा विद्यालयको भौतिक संरचनामा सुधारको कार्यलाई निरन्तरता दिईनेछ |

(ल) प्रारम्भिक बाल विकास केन्द्रहरुलाई मोन्टेश्वरी पद्धतिमा लगिनेछ | विधार्थीहरुलाई प्रारम्भिक स्कुल जाने नया ECD (बाल बिकाश केन्द्र) सम्म आकर्सित गर्न विशेष योजना लागु गर्ने कार्यलाई निरन्तरता दिईनेछ |

( ) सामुदायिक विद्यालयहरुको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ | यस अन्तर्गत शौचालय निर्माण र स्तरोन्नति, निःशुल्क सेनेटरी प्याड, सनेटरी प्याड बनाउने तालिम र प्याड डिस्पोजेबल मेशिन, पिउने पानीको प्रबन्ध र शिक्षकका लागि लकर व्यवस्था गरिनेछ |

( ) नगर भित्र रहेका बिभिन्न जातिको कला, साहित्य, संस्कृति, र भेषभूसा संरक्षणका लागि बिधालय तहहरु बाटै बिधार्थीहरुलाई उक्त कार्यमा हौसला प्रदान गरिनेछ |

(व) गुणस्तरीय शिक्षाका लागि नगर भित्र रहेका बिद्यालयहरुको कार्य सम्पादन एवं गुणस्तर मापन गर्ने संयन्त्र बनाई उत्कृष्ट विद्यालय, उत्कृष्ट प्रधानाध्यापक, उत्कृष्ट शिक्षक तथा उत्कृष्ट बाल बिकास केन्द्रलाई पुरुस्कारको व्यवस्था गरिनेछ |

(श) सामुदायिक विद्यालयहरुमा अध्ययनरत विधार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु परिचालन गरिनेछ |

(ष) विद्यार्थीको क्षमता विकास गर्न प्रतिस्पर्धाको माध्यमबाट अतिरिक्त क्रियाकलाप अन्तर्गत बिद्यालय स्तरीय, अन्तर बिद्यालय स्तरीय, नगरस्तरीय कार्यक्रमहरु संचालन गरिनेछन | विद्यालय स्तरीय खेलकुद प्रतियोगिताहरु तथा राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितालाई निरन्तरता दिईनेछ |

(स) कृष्ण मा.वि. कृष्णपुर-४ मा कक्षा ११ र १२ मा बिज्ञान विषय संचालनका लागि बिशेस कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

(ह) सार्वजनिक विद्यालयमा ५५ बर्ष उमेर पुगी पेन्सन सुविधा भएका सेवा छोड्न चाहाने स्थाई शिक्षकहरुलाई प्रोत्साहनका लागि नगद अनुदान दिने नीतिलाई बजेट व्यवस्थापन सहित निरन्तरता दिईनेछ साथै यस योजनामा राहत शिक्षक समेत समावेश गरिनेछ । \

(कक) सार्वजनिक विद्यालयका प्राधानाध्यापकहरुलाई २०० प्रतिशत भत्ता थप लाई निरन्तरता दिईनेछ ।

❖ स्वास्थ्य

(क) नगरपालिकाभित्रका सबै वडास्तरीय स्वास्थ्य संस्था, स्वास्थ्य चौकी तथा स्वास्थ्य सहयोग केन्द्रहरूमा गुणस्तरीय, भरपर्दो र समावेशी स्वास्थ्य सेवा पहुँचयोग्य बनाउने उद्देश्यले सेवा प्रवाह थप सुदृढ गरिनेछ।

(ख) सार्वजनिक स्वास्थ्य सचेतना अभिवृद्धि गर्न वडास्तरमा 'स्वास्थ्य साक्षरता अभियान' सञ्चालन गरिनेछ जसमा पोषण, सरसफाइ, मातृ—शिशु स्वास्थ्य, मानसिक स्वास्थ्य र रोग प्रतिरोधात्मक उपायहरू समावेश गरिनेछ।

(ग) 'डिजिटल स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम" अन्तर्गत नगरपालिकाभित्रको स्वास्थ्य सेवामा इलेक्ट्रोनिक हेल्थ रेकर्ड (EHR), टेलिमेडिसिन, मोबाइल एप तथा SMS अलर्ट प्रणाली लागू गरिनेछ।

(घ) आर्थिक, सामाजिक वा भौगोलिक हिसाबले स्वास्थ्य सेवाबाट बञ्चित समूह (जस्तैः अपाङ्ग, ज्येष्ठ नागरिक, दुवै अभिभावक विहीन बालबालिका, गर्भवती महिला) लाई लक्षित गर्दै "घरदैलो स्वास्थ्य सेवा कार्यक्रम" लागू गरिनेछ।

(ङ) नगरपालिकाको लगानीमा "स्मार्ट मातृ—शिशु स्वास्थ्य कार्ड" प्रणाली सुरु गरिनेछ, जसले गर्भावस्था, खोप, पोषण र नियमित स्वास्थ्य परीक्षणमा डिजिटल निगरानीको सुविधा उपलब्ध गराउनेछ।

(च) स्वास्थ्य संस्थाहरूमा सेवा प्रवाहको गुणस्तर मापन गर्न "नगर स्वास्थ्य सेवा अनुगमन प्रणाली" विकास गरिनेछ, जसमा सेवाग्राही सन्तुष्टि, औषधि उपलब्धता, प्रतिक्षा समय, र कर्मचारी कार्यसम्पादन समावेश गरिनेछ।

(छ) कृष्णपुर नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा नेपाल रेडक्रस समाजसँगको सहकार्यमा स्वयम्सेवी रक्तदाताको सञ्जाल विस्तार गर्ने लक्ष्यसहित "रक्तदाता सचेतना कार्यक्रम" सञ्चालन गर्नेछ।

(ज) वडा तहमा रक्तदाता सचेतना अभियान सञ्चालन गरी ब्लड डोनर्स क्लब गठन गरिनेछ, जसले स्थानीय स्वयम्सेवी रक्तदाताहरूको पहिचान, परिचालन र व्यवस्थापन गर्नेछ।

(झ) आवधिक रक्तदान कार्यक्रमहरू आयोजना गरिनेछन्, जसबाट नियमित रक्त सङ्कलन र आपूर्ति सुनिश्चित गरिनेछ।

(ञ) बिपन्न, असहाय तथा आपतकालीन अवस्थाका बिरामीहरूलाई निःशुल्क रगत उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गरिनेछ।

(ट) यस कृष्णपुर नगरपालिकामा आ.व. २०८२/८३ मा सर्पदंश उपचार केन्द्र स्थापना गरिनेछ।

(ठ) आ.व. २०८२/८३ मा अत्यावश्यक स्वास्थ्य सेवा सुनिश्चित गर्न ICU युनिट स्थापना गरिनेछ।

(ड) आखाँ सम्बन्धी उपचार केन्द्र स्थापना गरिनेछ।

(ढ) वडा नं १ मा प्रसूति केन्द्र स्थापना गरिनेछ।

(ण) सिकल सेल रोगको नियमित जाँचको व्यवस्था मिलाइनेछ।

(त) दिर्घरोगीहरूले औषधि उपचार पाउन सकून भनी कार्यविधि २०७८ अनुसार त्रैमासिक रुपमा घरमै गई उपचार व्यवस्थापन गरिनेछ।

**(थ) कृष्णपुर नगरपालिकामा आ.व. २०८२/८३ मा प्रस्तावित सुविधा सम्पन्न १५ शैय्याको अस्पताल निर्माण कार्य सुरु गरिनेछ।**

**(द) यस आर्थिक बर्षबाट शबबाहन, शब चिस्यान संचालनमा ल्याईनेछ ।**

(ध) सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने वयवस्था तथा सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने कार्यलाई प्रभावकारी कार्यन्वयन गर्ने प्रवन्ध मिलाईनेछ ।

(न) नागरिक संग मेयर कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ ।

(ऩ) HIV संक्रमित हरुलाई ART सेन्टर सम्म जान आउन यातायात खर्च दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

(प) उप मेयर नवजात बचत खाता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

(फ) माहामारी नियन्त्रणका लागि कोषको स्थापनालाई निरन्तरता दिईनुका साथै औलो, डेंगु, स्क्रब, टाईफस, किट जन्य तथा अन्य रोग नियन्त्रणलाई प्राथमिकता दिईनेछ ।

(ब) सुरक्षित प्रसुती सेवालाई प्रभावकारी बनाउन कृष्णपुर स्वास्थ्य चौकी, गुलरिया र रैकवार बिचवा स्वास्थ्य चौकीबाट रिफर गरिएका कृष्णपुर नगरपालिकाका गर्भवती महिलाहरुलाई घरबाट कृष्णपुर नगरपालिकाका स्वास्थ्य चौकी तथा धनगढी र महेन्द्रनगर अस्पताल सम्म निः शुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ । कृष्णपुरका स्वास्थ्य सस्थामा प्रारम्भिक उपचारका लागि आउने कृष्णपुरका नागरिकलाई (बिरामी) रिफर गर्नु पर्ने अवस्था आएमा धनगढी महेन्द्रनगरमा निःशुल्क एम्बुलेन्स उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

(भ) स्वास्थ्य बिमा कार्यक्रमलाई विशेष प्राथमिकताका साथ अगाडी बढाईने छ ।

(म) गर्भवती महिलाहरुको लागि गर्भ जाच लाई प्रभावकारी बनाउँन घुम्ती अल्ट्रा साउण्ड सेवा संचालनलाई निरन्तरता दिइनेछ ।

(य) महिला स्वास्थ्य स्वयम् सेविकाहरुको अक्षय कोष वृद्धि गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

(र) खोप केन्द्रलाई थप प्रभावकारी बनाउन नगरका बिभिन्न ठाउँमा खोप केन्द्र स्थापना गरिनेछ । पूर्ण खोप, पूर्ण संस्थागत सुत्केरी, पूर्ण ANC/ PNC जाच, पूर्ण वृद्धि अनुगमन, पूर्ण स्तनपान र थप आहारको सुनिश्चितता गरि कृष्णपुर नगरपालिकालाई बाल मैत्री नगरपालिका घोषणा गरिनेछ ।

(ऱ) बाल समुह, आमा समुहहरुलाई क्रियाशील गरि स्वास्थ्य कार्यक्रमहरुमा आवस्यक सहकार्य गरिनेछ ।

(ल) कुपोषित बालबालिकाहरुलाई पोषण पुनः स्थापना केन्द्रमा रिफरका लागि सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

( ) मातृ मृत्युदर र बाल मृत्युदर न्यूनीकरण गर्न सुत्केरी पश्चात कम्तिमा दुई पटक सुत्केरी जाँच गर्न (PNC home visit ) स्वास्थ्य कर्मीलाई घरमै पठाउने नितीलाई निरन्तरता दिइनेछ ।

( ) जटिल प्रकृतिको प्रशुतिलाई सुबिधा सम्पन्न स्वास्थ्य संस्थामा रिफर गर्दा असहाय एवं अती विपन्न वर्गका महिलालाई यातायात खर्च दिने नितीलाई निरन्तरता दिइनेछ ।

(व) नगरपालिका अन्तर्गत रहेका Private Medical, Pharmacy, Health Clinic, स्वास्थ्य प्रयोगशाला आदिको अनुगमन तथा निरिक्षणको निती अबलम्बन गर्दै स्वास्थ्य क्षेत्रलाई प्रभावकारी बनाइनेछ ।

### ❖ उद्योग, व्यापार तथा बाणिज्य

(क) कृष्णपुर नगरपालिका वडा नं ७, खैरेनिजालामा औद्योगिक ग्राम लागि प्रस्ताब गरीएको छ ।

**(ख) स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको प्रवर्द्धन गरिनेछ।**

(ग) स्वरोजगार अभिवृद्धिका लागि उद्यमशीलता विकास तालिम सञ्चालन गरिनेछ।

(घ) कृषिजन्य उत्पादन प्रशोधन केन्द्र (Agro-processing unit) स्थापना गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

(ङ) नगरभित्र दर्ता भएका उद्योग तथा व्यवसायलाई डिजिटल प्रणालीमा अभिलेख राखी नियमन र अनुगमन प्रणाली सुदृढ गरिनेछ।

(च) घरेलु तथा लघु उद्योग सञ्चालनका लागि सहुलियतपूर्ण ऋण व्यवस्थापनमा सहजीकरण गरिनेछ।

(छ) महिलाहरूलाई लक्षित गरी होम स्टे, सिलाइ-कढाई, बुटिक, हस्तकला, तथा अन्य घरेलु उद्योगमा तालिम र उपकरण सहयोग गरिनेछ।

(ज) वडा तहमा उद्योग, व्यापार तथा बाणिज्य प्रवर्द्धन सहायता कक्ष स्थापना गरिनेछ।

(झ) नगरपालिका भित्र रहेका खुला स्थानहरूमा साप्ताहिक/मासिक बजार मेला आयोजना गरिनेछ, जसले स्थानीय उत्पादनको बिक्रीमा टेवा पुर्‍याउनेछ।

(ञ) आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले 'एक वडा, एक उत्पाद" कार्यक्रम सञ्चालन गरिनेछ।

(ट) उद्योग स्थापनासम्बन्धी स्वीकृति प्रक्रिया सहज र छरितो बनाइनेछ।

(ठ) व्यावसायिक वातावरण सुधार गर्न सहजीकरण, कर प्रणालीको स्पष्टता, र पारदर्शिता अभिवृद्धि गरिनेछ।

(ड) औधोगिक कच्चा पदार्थको सहज उपलब्धताका लागि सामुदायिक बनसंगको समन्वयमा बेत, बाँस, अमला, हर्रो, बर्रो, मौवा लगायत अन्य आवश्यक बिरुवाहरु वृक्षारोपण गरिनेछ |

(ढ) मादकपदार्थ बिक्रि वितरण र नियमनका लागि अनुमति प्राप्त पसलहरुको GPS tracking गरिनेछ र अबैध रुपमा संचालित पसलहरुलाई कार्यबाहीको दायरामा ल्याई, बिक्रि वितरणलाई पूर्ण रुपमा नियमन गरिनेछ |

(ण) नगरपालिकामा बिभिन्न उद्योग स्थापना गर्न छुट, सहुलियत र सूरक्षा प्रदान गरी अधिकतम उद्योग स्थापनाको वातावरण निर्माण गरिनेछ |

(त) स्थानीय सिपकलामा आधारित डोको, नाम्लो, नाग्लो, ठेकी, टोकरी, दुना, टपरी जस्ता परम्परागत उद्योगलाई प्रोत्साहन गर्न अनुदान दिइनेछ |

❖ पर्यटन/ संस्कृति

(क) कृष्णपुरको सबै भू-भागमामा समेटी मोहना लालझाडी पर्यटन विकास कार्यक्रमको गुरुयोजना निर्माण लागु गरिनेछ |

(ख) नगर क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा प्राकृतिक पर्यटकीय स्थलहरूको संरक्षण, प्रवर्द्धन तथा विकास गरिनेछ।

(ग) आदिवासी, जनजातीको बसोबास रहेको क्षेत्रमा होम स्टे बिस्तार गरिनेछ |

(घ) पर्यटक आकर्षित गर्न सूचना पाटी, संकेत चिह्न, विश्रामस्थल तथा पथमार्ग निर्माण गरिनेछ।

(ङ) स्थानीय संस्कृति, लोककला, भाषा तथा जातीय परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्न सांस्कृतिक कार्यक्रम तथा मेला उत्सवको आयोजना गरिनेछ।

(च) स्थानीयस्तरमा गाइड तालिम तथा होमस्टे कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट युवाहरूलाई रोजगारी सृजना हुनेछ।

(छ) डिजिटल प्रविधिमार्फत नगरका पर्यटकीय स्थलहरूको प्रवर्द्धनका लागि वेबसाइट, मोबाइल एप्स, भिडियो सामग्री उत्पादन गरिनेछ।

**(ज)** **"एक विद्यालय, एक साँस्कृतिक कार्यक्रम" अवधारणा अन्तर्गत विद्यार्थीहरूलाई स्थानीय सांस्कृतिक चेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।**

**(झ)** **संस्कृति तथा पर्यटन सम्बन्धी योजना तथा बजेट निर्माण गर्दा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।**

**(ञ)** **राना थारु साहित्य ईतिहास अध्ययन/ अवलोकन कार्यक्रम संचालनमा ल्याईनेछ ।**

**(ट)** **कला, साहित्य, रितिरिवाज संरक्षण समाजको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।**

**(ठ)** **कृष्णपुर नगरपालिकाका पहिचान भएका पर्यटकीय क्षेत्रहरु वडा नं १ मा न्याउलाड ताल, कुमगडा बनबोझ क्षेत्र, राधाकृष्ण मन्दिर दोमिल्ला, शिवमन्दिर पहरिया, बहचले देवताको मन्दिर पहरिया र वडा नं १ क्षेत्र भित्रका विभिन्न सामुदायिक क्षेत्रहरु, वडा नं २ क्षेत्र भित्रका गडबिजुला ताल, विजयसाल होम स्टे, गडबिजुला इको पार्क, नन्दिपुर झुलुंगे पुल, सिद्धनाथ बैझनाथ मन्दिर, चिल्ड्रेन पार्क, नगर उद्धान, गौशाला नस्ल सुधार, कृषि हाट बजार, र विभिन्न सामुदायिक बनहरु, वडा नं ३ भित्रका अनुग्रह चर्च, बैझनाथ मन्दिर, सिद्धनाथ मन्दिर, चन्तु कुण्डा ताल, कटान खेल मैदान, विभिन्न सामुदायिक बनहरु, वडा नं ४ क्षेत्र भित्रका सिस्ने सिमसार क्षेत्र, ग्वासी समैजी मन्दिर, ग्वासी समैजी गौशाला, खल्ला ढाया नब दुर्गा ईको पार्क, नमुना पर्यापर्यटन क्षेत्र, विभिन्न सामुदायिक बनहरु, वडा नं ५ क्षेत्र भित्रका बनदेवी मन्दिर, सयपत्री पिकनिक क्षेत्र, वडा नं ६ भित्रका क्षेत्रहरु सिंहपुर सामुदायिक बन/पार्क/ताल र फुटबल खेलमैदान, कालिका मन्दिर मौरिफाँटा, वडा नं ७ राना थारु संग्रालय, गडैया ताल, कार्की कटान शिब मन्दिर, शान्तिपुर ग्वासी समैजी मन्दिर, वडा नं ८ मा शिब मन्दिर, र सामुदायिक बनहरु, वडा नं ९ मा बन देवी सामुदायिक बन भित्रका ताल तलैया र गौरा देवी सामुदायिक बन भित्रका तालतलैया लगायत अन्य क्षेत्रको विस्तृत अध्ययन गरिएकोछ र सोहि अनुसार पर्यटकीय क्षेत्रमा बिकास गरीनेछ ।**

(ड) राना थारुको होलि, दिवाली, डगौरा थारुको माघी, सखिया लगायत सास्कृतिक पर्वहरु, कला तथा नाचहरुलाई संरक्षण सम्बर्धन गरिनेछ ।

(ढ) परम्परागत लोकभाका, सगुन, फाग, देउडा, धुमारी, भुवा, हुड्केली लगायत अन्य संस्कृतिको जगेर्ना गरिनेछ ।

(ण) थारु संस्कृतिलाई जिवन्त राख्न र संरक्षण गर्न कृष्णपुर नगर क्षेत्र भित्र यसै आर्थिक बर्षमा एक भलमन्सा/ पधना घर निर्माण गरिनेछ ।

(त) जैविक विविधताको संरक्षण र पर्यटन प्रबर्धन गर्नका लागि चिडियाखाना निर्माणको कार्यलाई संघ र प्रदेशमा आवश्यक समन्वय गरिनेछ ।

(थ) नगरपालिकाको पूर्वी प्रवेशद्वारमा ५४ फिट अग्लो राधा-कृष्णको मुर्तिको निर्माण कार्यलाई प्रदेश, संघ एवं धार्मिक संस्था संग आवश्यक समन्वय गरिनेछ ।

(द) नगरपालिकाको धार्मिक एबं पुरातात्विक महत्वको क्षेत्र पावन भुमी ग्वासी समैजी धामलाई आधुनिकीकरण गरि धार्मिक पर्यटकीय गन्तब्य स्थलको रुपमा विकास गरिने छ र सो संस्थालाई निरन्तर सहयोग गरिनेछ ।

### ❖ सहकारी क्षेत्र

(क) विधुत सहकारी संग सहकार्य गरी गाउँ घरमा उज्यालो कार्यक्रम र सुरक्षाका निमित्त सार्वजनिक स्थलमा CCTV क्यामरा जडानमा आवस्यक सहकार्य जोड दिईनेछ ।

**(ख)** **सहकारीहरूलाई स्थानीय आर्थिक विकासको आधारशिला मान्दै पारदर्शिता, जवाफदेहिता र सुशासनमा आधारित सहकारी प्रणाली विकास गरिनेछ।**

**(ग) नगरमा दर्ता भएका सहकारी संस्थाहरूको वर्गीकरण, अनुगमन तथा मूल्यांकन नियमित रूपमा गरिनेछ।**

**(घ) उत्पादनमूलक, कृषि, पशुपालन, सिपमूलक र उपभोग्य सहकारीहरूलाई प्राथमिकता दिई प्राविधिक सहयोग र तालिम प्रदान गरिनेछ।**

**(ङ) सहकारीमार्फत विपन्न, महिला, दलित तथा युवाहरूलाई आर्थिक पहुँच अभिवृद्धिका लागि सहुलियतपूर्ण ऋण कार्यक्रम सञ्चालन गर्न सहजीकरण गरिनेछ।**

**(च) सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिनेछ।**

**(छ) सहकारी संस्थामार्फत स्थानीय उत्पादनको संकलन, प्रशोधन र बजार व्यवस्थापनमा समन्वय गरिनेछ।**

**(ज) सहकारीहरूलाई डिजिटल प्रविधिमा आधारित लेखा प्रणाली अपनाउन प्रोत्साहन गरिनेछ।**

**(झ) सहकारी नीति तथा ऐन अनुसार सञ्चालन नभएका संस्थाहरूलाई नियमन गरिने तथा आवश्यक परे कारवाही प्रक्रिया अघि बढाइनेछ।**

**(ञ) बहुउद्देश्यीय सहकारी संस्थामार्फत सामूहिक कृषि तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।**

(ट) नयाँ गठन भएका र निष्क्रिय सहकारी संस्थागत क्षमता अभिबृद्धिका लागि सहकारी शाखा संगको परामर्शमा आवश्यक तालिम दिईनेछ | साथै, सहकारी संस्थाको कारोबारलाई डिजिटल प्रविधिमा रुपान्तरण गर्न निःशुल्क तालिम उपलब्ध गराइने छ | महिलामात्र सदस्य भएका सहकारी संस्थाहरुलाई अनुदान दिने व्यवस्थामा प्राथमिकता दिईनेछ |

(ठ) कृषी सहकारीको विकासका लागि आवश्यकताका आधारमा सहयोग प्रदान गरिने छ|

(ड) COPOMIS प्रणालीको प्रयोगमा जोड दिई नगर भित्र संचालनमा रहेका सहकारिहरुलाई उक्त प्रणालीमा ल्याईनेछ |

(ढ) कृषि सहकारी र महिला सहकारीलाई प्रस्तावना लेखन तालिम दिईनेछ |

## ३. <u>भौगोलिक तथा पूर्वाधार विकास</u>

**(क) सडक तथा यातायात**

१. नगर भित्रका सबै सडकहरुलाई नगरपालिकाका साधन स्रोत प्रायोग गरि स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ |

**२. वडा स्तरमा आवश्यक प्राथमिकताका आधारमा नयाँ सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।**

**३. वर्षात् तथा बाढीको समयमा आवागमन अवरुद्ध हुने स्थानहरूको पहिचान गरी समयमै पूर्वाधार निर्माण गरिनेछ।**

**४. कालोपत्रे, ग्राभेल तथा ढल निकाससहितको सडक निर्माणमा प्राथमिकता दिइनेछ।**

**५. सार्वजनिक यातायातको सहज पहुँच सुनिश्चित गर्न नगरस्तरीय बस स्टप तथा विश्रामस्थलहरू निर्माण गरिनेछ।**

**६. विद्यालय जाने विद्यार्थी, वृद्ध, महिला र अपांगता भएका व्यक्तिहरूलाई लक्षित गरी सुरक्षित सडक पार गर्ने स्थान (zebra crossing, संकेत चिह्न) निर्माण गरिनेछ।**

**७. सडक विस्तारका क्रममा वातावरण संरक्षण र निजी सम्पत्तिको न्यूनतम क्षतिको आधारमा योजना निर्माण गरिनेछ।**

**८. यातायात व्यवस्थापनका लागि ट्राफिक चेकपोइन्ट, सवारी पार्किङ स्थान तथा आवश्यक संकेत चिह्नहरू स्थापना गरिनेछ।**

**९. स्मार्ट नगर निर्माण अवधारणाअनुसार ट्राफिक र सडक निगरानी प्रणाली (CCTV, GIS mapping) को प्रयोगमा जोड दिइनेछ।**

१०. सिमा विवादका कारण प्रयोगमा नआएको गडविजुला तालको सिमाना विवादको टुंगो लगाउन र प्रयोगमा ल्याउन जिल्ला समन्वय समिति मार्फत पहल गरिएको छ ।

११. नगरपालिका केन्द्र लाई वडा केन्द्र सम्म जोड्ने सडक कालोपत्रे गर्ने कार्यलाई प्राथिमिकता दिईनेछ ।

१२. नगरपालिका भित्र पर्ने खोला, नाला र खोल्सा खोल्सीहरुमा पक्की पुल, झोलुङ्गे पुल, स्ल्याब कल्भर्ट र होमपाइप कल्भर्टहरुको निर्माण कार्यलाई आवश्यकताका आधारमा निरन्तरता दिईनेछ ।

१३. नगर क्षेत्र भित्र रहेका सार्वजनिक महत्वका स्थान र स्थानीय सडकहरुको नामाकरण गर्ने कार्य गरिनेछ ।

१४. ADB को कार्यक्रमलाई कृष्णपुर नगरपालिकामा ल्याउन पहल गरिएकोछ ।

**(ख) सिचाई**

१. कृष्णपुर नगरपालिका भित्र महाकाली सिचाई आयोजना तेस्रो चरणको नहर निर्माण कार्यमा सहजीकरण गरिनेछ ।

**२. कृषि उत्पादनमा वृद्धि गर्न सिचाइको पहुँच नपुगेका क्षेत्रहरूको पहिचान गरी सिचाइ सुविधा विस्तार गरिनेछ।**

**३. नहर, कुलो, पम्पसेटजस्ता साना तथा मझौला सिचाइ योजनाहरू निर्माण तथा मर्मत गर्न पहल कदमी गरिनेछ।**

**४. किसान समूह तथा सिचाइ उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा प्रविधिक सहयोग प्रदान गरिनेछ।**

**५. बाढी तथा डुबान प्रभावित क्षेत्रका खेतबालीमा प्रभाव पार्ने संरचनात्मक समस्याहरूको दीर्घकालीन समाधानका लागि मास्टर प्लान तयार गरिनेछ।**

**६. महिला, दलित तथा विपन्न वर्गका किसानहरूलाई लक्षित गरी सिचाइ उपकरण खरिदमा सहुलियत र अनुदान प्रदान गरिनेछ।**

**७. नगर स्तरमा सिचाइ विकासको दीर्घकालीन रणनीति निर्माण गरिनेछ, जसमा जल स्रोतको संरक्षण र दिगो प्रयोगमा जोड दिइनेछ।**

८. नगरपालिका भित्रका सम्पूर्ण खेति योग्य जमिनमा सिचाई सुविधा पुर्याइनेछ ।

९. कृषी कार्यका निम्ति थोपा सिचाई, सौर्य सिचाई प्रणाली, साना सिचाई, भूमिगत सिचाईको कार्य लाई निरन्तरता दिईनेछ ।

१०. संघ तथा प्रदेश सरकार संग समन्वय गरी स्यालो तथा डिप ट्युवेल व्यवस्था गरिनेछ|

**(ग) भवन तथा शहरी विकास**

१. भवन निर्माण आचारसंहिता अनुसार निर्माण भएका तर स्वीकृति नलिएको भवनहरुको निश्चित मापदण्डका आधारमा स्वीकृति दिने व्यवस्था मिलाईएको छ । साथै घर नक्सा पासको कार्यलाई समय सापेक्ष बनाइ भवन निर्माण आचारसंहिता प्रभावकारी रुपमा कार्यान्वियन गर्ने कार्यलाई नियमितता दिईनेछ ।

**२. शहरी संरचनाको व्यवस्थित विकासका लागि नगर क्षेत्रको समग्र भौतिक विकास मास्टर प्लान तयार गरिनेछ।**

**३. नगर क्षेत्रमा भवन निर्माण कार्यलाई भवन कोड र प्राविधिक मापदण्ड अनुसार संचालन गरिनेछ।**

**४. नगरको सघन क्षेत्रहरूमा हरित क्षेत्र (Green Zone), खुला स्थान, पार्क, पैदल मार्ग, र बाल उद्यान निर्माण गरिनेछ।**

**५. नगर क्षेत्रका सार्वजनिक भवन, शिक्षा, स्वास्थ्य, तथा प्रशासनिक भवनहरूको स्तरवृद्धि तथा सौर्य ऊर्जा प्रविधिमा आधारित सुधार गरिनेछ।**

**६. जोखिमयुक्त बस्तीहरूको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरणका लागि दीर्घकालीन योजना तयार गरिनेछ।**

**७. नगरक्षेत्रभित्र डिजिटल ठेगाना प्रणाली लागू गरी भवन दर्ता तथा नक्शा पास प्रक्रियामा सहजता ल्याइनेछ।**

**८. नगर क्षेत्रको सौन्दर्यकरणका लागि सडक छेउ वृक्षारोपण, भित्ते चित्र, र सजावट कार्यक्रम सञ्चालन गरिनेछ।**

**९. विपद् जोखिम न्यूनिकरणका दृष्टिकोणले भवन निर्माण पूर्व भौगोलिक तथा प्राविधिक परीक्षणको व्यवस्था गरिनेछ।**

**१०. भवन अनुमति प्रक्रिया अनलाइन प्रणालीमार्फत संचालन गरी सकिएको छ यसलाई प्रभावकारी रुपमा अनिवार्य प्रयोगमा ल्याईनेछ।**

**११. नगर क्षेत्रभित्र स्मार्ट शहरी प्रविधि (जस्तैः स्मार्ट सडकबत्ती, डिजिटल सूचना पाटी, सिसिटिभी क्यामेरा) विस्तार गरिनेछ।**

१२. भू-उपयोग योजना र बस्ती विकास योजना निर्माण गरि लागु गरिने छ ।

१३. सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरि अतिक्रमणलाई रोक लगाइनेछ ।

१४. एक घर दस बिरुवाको अभियान संचालन गरि पारिवारिक निजी वन स्थापनामा जोड दिईनेछ ।

१५. आवास क्षेत्रमा बोट बिरुवा लगाउने एवं संरक्षण गर्ने कुरालाई प्रोत्साहित गरिनेछ ।

१६. वडा नं ३ को वडा कार्यालय निर्माण गरिनेछ ।

१७. सुरक्षित नागरिक आवास कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**१८. भुईयारी निर्माण र संरक्षणका कार्यक्रमहरु अगाडी बढाईनेछ ।**

**(घ) बिद्युत तथा बैकल्पिक उर्जा**

१. बैकल्पिक उर्जा केन्द्र सङ्गको साझेदारीमा आवस्यक बैकल्पिक उर्जाको व्यवस्था मिलाईनेछ ।

२. बैकल्पिक उर्जाको विकास ग्रामिण भेग सम्म विस्तार गरिने छ ।

३. फोहोर व्यवस्थापन तथा बायो ग्यास निर्माण गर्न पहल गरिनेछ ।

४. पुर्व-पश्चिम राजमार्ग, सार्वजनिक महत्वका स्थान र मुख्य मुख्य चोकहरुमा सौर्यबत्ति जडान गर्ने तथा नेपाल विधुत प्राधिकरणको साझेदारीमा सडक सौर्य बत्ति बिस्तार गरि उज्यालो मेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**५. नगर क्षेत्रभित्र विद्युत सेवाको पहुँच नभएका बस्तीहरूमा नेपाल विद्युत प्राधिकरण संग साझेदारीमा सेवा विस्तार गरिनेछ।**

४. <u>वन, वातावरण तथा विपद व्यवस्थापन</u>

१. काठको आपूर्ति डिपो स्थापनाको लागि आवस्यक पहल गरिनेछ ।

**२. नगरभित्र रहेका सामुदायिक, राष्ट्रिय तथा निजी वन क्षेत्रहरूको संरक्षण, प्रवर्द्धन तथा पुनः वनरोपण अभियान सञ्चालन गरिनेछ।**

**३. जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न वृक्षारोपण, हरियाली विस्तार, र हरित क्षेत्रको संरक्षणमा प्राथमिकता दिइनेछ।**

**४. भू—क्षय, भू—स्खलन तथा नदी कटान भएका क्षेत्रहरूको स्थायीत्वका लागि जैविक तथा प्राविधिक संरचना निर्माण गरिनेछ।**

**५. सामुदायिक वन उपभोक्ता समूहहरूसँग समन्वय गरी वन पैदावारमा आधारित आय—आर्जन कार्यक्रम (जस्तैः लत्ताकपडा, झोल, धूप, औषधिजन्य बोटबिरुवाको खेती) सञ्चालन गरिनेछ।**

**६. विद्यालय र सार्वजनिक स्थलहरूमा "एक विद्यार्थी, एक बिरुवा" कार्यक्रम सञ्चालन गरिनेछ।**

**७. नगर क्षेत्रभित्र अवैध रूपमा भइरहेको वन दोहन तथा जमिन अतिक्रमण नियन्त्रण गर्न निगरानी र कारबाही प्रणाली सुदृढ गरिनेछ।**

**८. भू—संरक्षणका लागि पहिचान गरिएका जोखिमयुक्त क्षेत्रहरूमा बायोइन्जिनियरिङ प्रविधि अपनाइनेछ।**

**९. नदी किनार संरक्षण तथा बाढी नियन्त्रणका लागि तटबन्ध निर्माण, ग्याबियन पर्खाल तथा बाँध निर्माण गरिनेछ।**

**१०. वातावरण संरक्षणका कार्यक्रमहरू (जस्तैः सफाइ अभियान, प्लास्टिक प्रयोग न्यूनीकरण, वातावरण सचेतना) सञ्चालन गरिनेछ।**

**११. वन तथा भू—संरक्षणसँग सम्बन्धित दीर्घकालीन नीतिगत योजना तयार गरिनेछ, जसमा समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।**

१२. नगर क्षेत्र भित्रका आर्यघाट शब दाहका निमित्त दाउराको सहज उपलब्धताको लागि सामुदायिक बन संग आवयक समन्वय गरिनेछ |

१३. सामुदायिक बनहरुले अनिवार्य रुपमा बार्षिक योजना, बार्षिक आम्दानि र खर्च नगरपालिकाबाट स्वीकृत गर्नु पर्नेछ | सामुदायिक बनहरुले बन विकास, सामाजिक विकास तथा भौतिक बिकासका निम्ति गर्नु पर्ने कार्य अनिवार्य रुपमा नगरपालिकाको सहमति लिई गर्नु पर्नेछ |

१४. सामुदायिक बनहरुले उपभोक्ताहरुलाई काठ वितरण गर्नु पुर्व अनिवार्य रुपमा नगरपालिका संग अनुमति लिनु पर्नेछ | वितरण गरेको काठको विवरण अनिवार्य रुपमा वडा कार्यालयमा बुझाउनु पर्नेछ |

१५. सामुदायिक बनको हेरचाह गरि रहेका बन हेरालुको सूची नगरपालिकाले तयार पार्नेछ |

१६. बनमा पर्याप्त मात्रामा ढला पाडा र सुका पडा र नदीमा दबु काठ हुदै गर्दा सो काठ संकलन नगरी विदेशबाट काठ आयात गर्ने कुरालाई निरुत्साहित गर्ने उद्धेश्यका निमित्त विदेशी काठलाई कृष्णपुर नगरपालिकाका सार्वजिक तथा सामुदायिक भवनहरुमा प्रयोग गर्न निषेध गर्ने नीति लिएकोछ |

१७. नदि नालामा रहेको दबु काठ, ढला पाडा, सुका पडा र सार्वजनिक स्थलमा रहेको काठको लागि प्रदेश र संघीय सरकार संग पहल गरिनेछ |

१८. सामुदायिक बन संग समन्वय गरी बन संरक्षणका सम्बन्धमा स्पस्ट नीति ल्याईनेछ |

१९. एक सामुदायिक बन एक बिशेष जातका रुख हरुको वृक्षारोपण कार्यक्रमका निमित्त सामुदायिक बन संग समन्वय गरिनेछ |

२०. सामुदायिक वन संग साझेदारीमा हरित पार्क, Eco-Park, Children Park, पिकनिक स्थल निर्माणको कार्यक्रमलाई निरन्तरता दिइनेछ |

२१. हरियाली सामुदायीक बनको सहकार्यमा बाँस र बेत लगाउने कार्यलाई निरन्तरता दिईनेछ | अन्य सामुदायिक बन संग समेत समन्वय गरि बन भित्र फलफूलका बिरुवा, चन्दन र श्रीखण्डका साथै अन्य बहुमुल्य बिरुवाहरु रोप्नलाई प्रोत्साहित गरिनेछ |

२२. नगर भित्र बहुउदेश्यीय नर्सरी निर्माणको कार्यलाई प्राथमिकता दिईनेछ |

२३. कृष्णपुर नगरपालिकाले छोएका बन जङ्गललाई मेस वायरले घेरा गरि बन जङ्गल संरक्षण र खेती बालीलाई जङ्गली जनावर बाट बचाउने कार्य गरिनेछ |

२४. **जलवायु परिवर्तनका असर न्यूनीकरण तथा सहनशीलता अभिवृद्धिका लागि स्थानीय जलवायु अनुकूलन योजना (LAPA) अध्यावधिक तथा कार्यान्वयन गरिनेछ।**

२५. **नगर क्षेत्रमा बाढी, डुबान, कटान, पहिरो जस्ता जल—उत्पन्न प्रकोपको जोखिमयुक्त क्षेत्रको जोखिम नक्साङ्कन (hazard mapping) गरिएको छ यसको आधारमा प्रभावकारी तथ्यमा आधारित पूर्वतयारी तथा उद्धार योजना बनाइनेछ।**

२६. **जल—उत्पन्न प्रकोपबाट प्रभावित समुदायहरूको पूर्वतयारीका लागि समुदायमा आधारित विपद् व्यवस्थापन समिति (CBDRM) गठन तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।**

२७. **जलवायु अनुकूल कृषि प्रणाली (जस्तैः सूखा सहनशील बाली, मल्चिङ प्रविधि) को प्रवर्द्धन गरिनेछ।**

२८. **विद्यालय, टोल विकास संस्था, सहकारी र आमा समूहहरूमार्फत वातावरण तथा जलवायु सचेतना अभियान सञ्चालन गरिनेछ।**

२९. **नगरस्तरमा विपद् पूर्व सूचना प्रणाली (Early Warning System) स्थापना तथा विस्तार गरिनेछ।**

३०. **नगरको पूर्वाधार निर्माण तथा योजना तर्जुमा गर्दा वातावरणीय प्रभाव मूल्यांकन (EIA/IEE) लाई अनिवार्य गरिनेछ।**

३१. **राष्ट्रिय तथा प्रदेश सरकारसँग सहकार्य गरी जलवायु परिवर्तन तथा जल—उत्पन्न प्रकोप न्यूनीकरणका कार्यक्रमहरूमा वित्तीय तथा प्राविधिक स्रोत परिचालन गरिनेछ।**

३२. बढ्दो जलवायु परिवर्तन बारे नगरवासीलाई सुसुचित गराउन सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

३३. आवस्यकता अनुसार बिपत प्रतिकार्य सम्बधी नीति, नियम बनाउदै लगिनेछ ।

३४. स्थानीय विपद तथा जलवायु उत्थानशील योजनामा भएका कार्यक्रमलाई मुलप्रवाहिकरण गरिने छ ।

३५. बस्ती व्यवस्थापन गरि ढल निकासलाई व्यवस्थित गर्दै प्रकोप नियन्त्रणमा सरोकारवाला सबै संग सहकार्य र समन्वय गरिने छ ।

३६. जल उत्पन्न प्रकोप नियन्त्रणका क्षेत्रमा कार्यरत संघ संस्थाको सहकार्यमा काम   गरिनेछ ।

३७. जनताको तटबन्ध, जलश्रोत तथा सिचाई बिकास डिभिजन, चुरे संरक्षण जस्ता कार्यालय संग समुन्वय गरि बस्ति संरक्षणका लागि तटबन्ध निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।

३८. विपद व्यवस्थापन बारे पुर्व तयारि, खोज उद्दार, प्राथमिक उपचार, राहत, पुनर्स्थापना समिति निर्माण गरि विपद व्यवस्थापनमा विशेष ध्यान दिईनेछ  ।

३९. विपद व्यवस्थापनमा सहजता ल्याउनका लागि त्रिपाल, म्याट, कम्बल, fire extinguisher, life jacket लगायतका अत्यावश्यक सामग्री तथा आवश्यक खाद्यान्न भण्डारण गरिने छ ।

४०. विपद व्यवस्थापन प्राणाली (https://bipadportal.gov.np/) को प्रभावकारी प्रयोगमा बिशेष जोड दिईनेछ|

४१. **यस आ.व. मा नगरपालिकाले दमकल खरिद कार्य अगाडी बढाउनेछ ।**

## ५. <u>संस्थागत विकास,  सेवा प्रवाह र सुशासन</u>

### (क) मानव संशाधन विकास

१. कर्मचारी आवश्यकता अवस्थालाई मध्यनजर गरि कर्मचारी दरबन्दीको खाकालाई व्यवस्थित गर्नका लागि (O&M) गरिएको छ । उक्त खाका अनुसार शाखाहरुलाई व्यवस्थित गरिनुका साथै समयानुकुन (O&M) लाई व्यवस्थित गरिनेछ ।

२. **स्थानीय जनशक्तिको क्षमता अभिवृद्धिका लागि सीपमूलक, प्राविधिक तथा व्यवसायिक तालिमहरू सञ्चालन गरिनेछ।**

३. नगरपालिका भित्रका युवा, महिला, दलित, विपन्न तथा अपांगता भएका व्यक्तिहरूलाई लक्षित गरी रोजगारमुखी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
४. नगरस्तरका कर्मचारीहरूको कार्यदक्षता अभिवृद्धिका लागि सेवा सुधार, सूचना प्रविधि, वित्तीय प्रणाली, योजना तथा अनुगमन सम्बन्धी नियमित तालिम प्रदान गरिनेछ।
५. शिक्षक, स्वास्थ्यकर्मी, कृषि तथा पशुपालन प्राविधिक, सामाजिक परिचालक लगायत सेवा प्रदायकहरूको क्षमता विकासमा विशेष प्राथमिकता दिइनेछ।
६. विदेशबाट फर्किएका श्रमिकहरूको पुनः समायोजन तथा सीप उपयोग गर्न योजना तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ।
७. नगरका विद्यालयहरूमा क्यारियर काउन्सेलिङ, नेतृत्व विकास तथा जीवनपयोगी सीप समेटिएका कार्यक्रम सञ्चालन गरिनेछ।
८. नगरभित्रै सिप विकास केन्द्र, सूचना केन्द्र तथा नवप्रवर्तन प्रवर्द्धन केन्द्र स्थापना गर्ने तयारी गरिनेछ।
९. संघ, प्रदेश तथा निजी क्षेत्रसँग साझेदारी गरी मानव संसाधन विकासका कार्यक्रमहरूमा बजेट र प्राविधिक सहयोग ल्याइनेछ।
१०. मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दीईनेछ ।
११. नगरका योजना, नीति तथा कार्यक्रम निर्माणमा स्थानीय जनशक्तिको सहभागिता बढाइनेछ, जसबाट उनीहरूको क्षमता विकाससँगै अपनत्वको भावना पनि सिर्जना हुनेछ।
१२. संविधानमा प्रत्याभूत गरिएका नागरिक, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक अधिकारहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ।
१३. महिला, दलित, जनजाति, मुस्लिम, अपांगता भएका व्यक्ति, एलजीबीटीक्यू+ समुदाय, बालबालिका, ज्येष्ठ नागरिक र अल्पसंख्यक समूहहरूको समावेशी सहभागिता, समान पहुँच र अवसरको सुनिश्चितता गरिनेछ।
१४. नगरपालिकास्तरमा मानव अधिकारको पालना सुनिश्चित गर्न स्थानीय मानव अधिकार अनुगमन तथा समन्वय समिति लाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ।
१५. बालश्रम, बालविवाह, घरेलु हिंसा, जातीय विभेद, लैङ्गिक हिंसा, अपमानजनक व्यवहार आदि मानव अधिकार उल्लङ्घनका घटनाहरूको न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
१६. विद्यालय, युवा क्लब, महिला समूह तथा टोल विकास संस्थासँग समन्वय गरी मानव अधिकार शिक्षा तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।
१७. न्यायमा पहुँच अभाव भएका वर्गहरूलाई लक्षित गरी निःशुल्क कानुनी परामर्श तथा विधिक सहायता कार्यक्रम सञ्चालन गरिनेछ।
१८. नगर क्षेत्रमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखीकरण र दस्तावेजीकरण गरिनेछ, र सम्बन्धित निकायसँग समन्वय गरी समाधान प्रक्रिया अघि बढाइनेछ।
१९. मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि संघीय, प्रदेश तथा राष्ट्रिय मानव अधिकार आयोगसँग संयुक्त कार्यक्रम र सहकार्य गरिनेछ।
२०. नगरपालिका कार्यालय, विद्यालय र सार्वजनिक स्थलहरूमा मानव अधिकार सूचना र सचेतना सम्बन्धी पोस्टर, पम्प्लेट र सूचना पाटीहरू राखिनेछ।
२१. नीति, कार्यक्रम तथा बजेट निर्माणमा मानव अधिकारमैत्री दृष्टिकोण **(human rights based approach)** अपनाइनेछ।

**२२. आदिवासी, जनजाति, दलित, महिला, अपांगता भएका व्यक्ति, विपन्न समुदाय, पिछडिएको वर्ग तथा अन्य लक्षित समूहहरूलाई सामाजिक, आर्थिक, शैक्षिक र कानुनी अधिकारबारे सचेतना अभिवृद्धि गरिनेछ।**

**२३. लैंगिक हिंसामा परेका व्यक्तिहरुलाई समाजमा पुर्नस्थापना गर्ने नीती अबलम्बन गरिनेछ |**

२४. कर्मचारिहरुलाई कार्य क्षेत्रगत शर्त सहितको जिम्मेवारी दिइनेछ एवं सोही आधारमा कर्मचारीहरुको कार्य मुल्यांकन एवं कार्य सम्पादनलाई जोडिने छ |

२५. कामको मुल्यांकनको आधारमा उत्कृष्ट कर्मचारी घोषणा गरि विशेष पुरुस्कारको व्यवस्था गरिने छ |

२६. नगरपालिकामा कार्यरत अस्थायी, करार र ज्यालादारीका कर्मचारीहरुलाई संघीय कानुन बमोजिम सेवा सुविधा उपलब्ध गराउन प्रयास गरिनेछ एवं कार्य सम्पादन उचित नभएमा संघीय, पदेश एवं स्थानीय कानून बमोजिम दण्ड दिईनेछ |

२७. नगरका सम्पन्न गरिएका कार्यक्रम र सेवा प्रवाहको नागरिक संघ संस्था मार्फत सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लगायतको कार्यलाई निरन्तरता दिइनेछ |

२८. वार्षिक रुपमा नगरपालिकाले गरेका कामहरुको समीक्षात्मक रुपमा वार्षिक/ अर्ध वार्षिक समिक्षा कार्यक्रम गरि लिपिबद्द गर्न पुस्तक प्रकाशन गरिनेछ |

**(ख) सुरक्षा व्यवस्था**

१. आ.व. २०८२/८३ मा वडा नं ९ मा अस्थाई प्रहरी पोष्ट स्थापना गरिनेछ |

**२. नगर क्षेत्रमा शान्ति सुरक्षाको प्रत्याभूति गराउन प्रहरी समन्वय व्यवस्था स्थापना गरिनेछ।**

**३. यस आर्थिक बर्षमा नगर प्रहरीको नियुक्ति गरिनेछ|**

**४. नगर क्षेत्रमा सार्वजनिक स्थलहरूमा सिसिटिभी क्यामेरा जडान गरी सुरक्षा निगरानी प्रणाली विस्तार गरिने कार्यक्रमको निरन्तरता दिइनेछ।**

**५. सडक, बजार, विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक स्थानहरूमा सुरक्षा व्यवस्था कडा बनाइनेछ।**

**६. युवा हिंसा, घरेलु हिंसा, र अपराध न्यूनीकरणका लागि सचेतना कार्यक्रम तथा सामाजिक अभियानहरू सञ्चालन गरिनेछ।**

**७. नगरपालिकाका कर्मचारी, सुरक्षाकर्मी तथा स्थानीय बासिन्दालाई सुरक्षा व्यवस्थाका तालिम र सचेतना कार्यक्रमहरू प्रदान गरिनेछ।**

**८. प्रहरी सेवा, न्यायपालिका, सामाजिक संस्था र नगरपालिकाबीच समन्वय र सहयोगलाई थप मजबुत बनाइनेछ।**

**९. आपतकालीन अवस्थामा छिटो प्रतिक्रिया दिने सुरक्षा तथा राहत टोलीहरू गठन गरिनेछ।**

**१०. ट्राफिक व्यवस्थापनलाई सुदृढ पार्न ट्राफिक नियम कडाइका साथ कार्यान्वयन गर्न ट्राफिक प्रहरी संग आवश्यक समन्वय गरिनेछ।**

**११. नगर क्षेत्रमा शान्ति र सुरक्षा कायम गर्न आवश्यक कानून, नियम र निर्देशिकाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।**

१२. इलाका प्रहरी कार्यालय गुलरियाको स्तरोन्नति गरि क श्रेणीको बनाउन पहल गरिनेछ|

१३. अस्थायी प्रहरी पोष्ट बाणीलाई स्तरोन्नति गरि इलाका प्रहरी कार्यालय बनाउन पहल गरिनेछ |

१४. निर्माण सामग्री थुपारी सडक असुरक्षा बढाउने, सडक किनारमा पसल संचालन गर्ने, राजमार्गमा घरपालुवा जनावर बाध्ने र छाडा छोड्ने व्यक्तिलाई कानुनी कारवाहीको दायरामा ल्याईने छ |

(ग) सूचना प्रविधि

१. नगरपालिकामा रहेका डाटा व्यवथापन गर्नका निमित्त डाटा व्यवस्थापन कार्यविधि निर्माण गर्नेछ ।
२. नगरपालिकाका सबै कार्यालयहरूमा आधुनिक सूचना प्रविधि पूर्वाधार स्थापना गरी सेवा प्रदायक क्षमता अभिवृद्धि गरिनेछ।
३. नगरपालिकाको सबै प्रशासनिक काम कारवाहीको अभिलेख राख्ने कार्य, दर्ता/चलानी जस्ता कार्यको सेवा डिजिटल प्रणालीमा लैजानलाई सूचना प्रविधि बिभागसंग समन्वय गरी निःशुल्क सफ्टवयर प्रणाली लागु गरिनेछ ।
४. नागरिकलाई छरितो र पारदर्शी सेवा प्रदान गर्न ई—सेवा (e-Service) विस्तार गरिनेछ।
५. नगरपालिकाको वेबसाइट, मोबाइल एप्लिकेशन र डिजिटल सूचना प्रणालीलाई प्रवर्द्धन/ अध्यावधिक गरिनेछ।
६. सूचना प्रविधि सम्बन्धी कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम र कार्यशाला आयोजना गरिनेछ।
७. सार्वजनिक सूचना पहुँच सहज बनाउन सूचना प्रविधि उपकरण र इन्टरनेट सेवा सबै वडा कार्यालय तथा सार्वजनिक स्थानमा उपलब्ध गराइनेछ। वडा कार्यालयमा संचालनमा आएका इन्टरनेटलाई केन्द्रकृत प्रणालीमा संचालन गरी नगर देखिनै बार्षिक शुल्क, मर्मत र नियमन गर्ने व्यवस्था मिलाईनेछ ।
८. डेटा सुरक्षामा विशेष ध्यान दिँदै डाटा ब्याकअप, साइबर सुरक्षा र गोपनीयता नीतिहरू कार्यान्वयन गरिनेछ।
९. स्थानीय स्तरमा डिजिटल साक्षरता अभिवृद्धि गर्न विद्यालय, समुदाय र युवाहरूलाई लक्षित गरी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
१०. स्मार्ट सिटी तथा स्मार्ट प्रशासनका लागि आवश्यक प्रविधि र उपकरणहरूको प्रयोग गरिनेछ।
११. संघीय, प्रदेश सरकार र विकास साझेदारसँग सहकार्य गरी सूचना प्रविधि कार्यक्रमहरूमा वित्तीय र प्राविधिक सहयोग जुटाइनेछ।
१२. सूचना प्रबिधिमा सबै नागरिकको पहुँचलाई सर्वसुलभ बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।
१३. कृष्णपुर नगरपालिकाले संचालन गरेको गुनासो व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउदै जन सहभागिता बढाउने व्यवस्था मिलाईनेछ ।
१४. अन्तरविषयक क्षेत्र (Cross cutting issues) जस्तैः- दिगोपना, लैगिंक समावेशीकरण, किशोर-किशोरी तथा युवा, अपाङ्गता भएका व्यक्ति, सांस्कृतिक विविधता, स्थानीय विषय (Local content), संग सम्बन्धित विषयहरुमा सूचना प्रविधिको अधिकतम प्रयोगलाई निरन्तरता दिईनेछ ।

(घ) सुशासन, संस्थागत विकास र सेवा प्रवाह

१. जीवनयापन गर्न आवश्यक पर्ने आधारभूत सेवाहरु गास, बास, कपास, पोषण, खानेपानी, सरसफाई जस्ता सेवाहरु सर्वसुलभ बनाउने कार्यलाई निरन्तरता दिईनेछ|
२. जनउत्तरदायी, पारदर्शी र प्रभावकारी प्रशासनका लागि सुनिश्चित सेवा प्रवाह प्रणाली कार्यान्वयन गरिनेछ।
३. नागरिक वडास्तरमै सेवा प्राप्त गर्न सकून् भनी सेवा केन्द्रीकरणको सट्टा सेवा विकेन्द्रीकरणमा जोड दिइनेछ।
४. ई—गभर्नेन्स मार्फत सेवाहरूलाई डिजिटल प्रणालीमा रुपान्तरण गरिनेछ, जसबाट पारदर्शिता र सेवा गति दुवै वृद्धि हुनेछ।
५. नगरपालिकाको पहिचान झल्काउने नगरपालिकाको छुट्टै logo निर्माण गरी प्रयोगमा ल्याईनेछ ।
६. कार्यालय सञ्चालन, सेवा प्रवाह, वित्तीय कार्य, जनशक्ति व्यवस्थापनलगायतमा मासिक अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरिनेछ।

७. नागरिक वडागत सेवा गुनासो सुन्ने प्रणाली सुदृढ गर्दै “नागरिक आवाज” जस्ता प्रविधिमैत्री अनुप्रयोग प्रवर्द्धन गरिनेछ।

८. भ्रष्टाचार न्यूनीकरण, सेवा ढिलाइ नियन्त्रण र कर्मचारीको जवाफदेहिता सुनिश्चित गर्न कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गरिनेछ।

९. संस्थागत संरचना सुधार, कार्यविभाजन स्पष्टता, कर्मचारी दक्षता अभिवृद्धि र आन्तरिक समन्वय प्रणाली सुधार गरिनेछ।

१०. नगरसभा, वडासभा, योजना तर्जुमा, बजेट निर्माण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यहरूमा नागरिक सहभागिता सुनिश्चित गरिनेछ।

११. सामाजिक उत्तरदायित्वका कार्यक्रम, जस्तै नैतिक शिक्षा, नागरिक सचेतना, र सेवा प्रवाह सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१२. संघ, प्रदेश र निजी क्षेत्रसँग सहकार्य गरी संस्थागत विकास तथा सेवा सुधारका लागि साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

६. आर्थिक व्यवस्थापन तथा राजश्व परिचालन

१. आर्थिक बर्ष २०८०/८१ लाई राजस्व संकलन र कर बर्षको रुपमा घोषणा गरिए पश्च्यात नगरपालिकाको अन्तरिक राजश्व उल्लेख रुपमा वृद्धि भएकोछ ।

२. नीति निर्माण, योजना तर्जुमा र सेवा प्रवाहमा आधारित निर्णय गर्न विश्वसनीय तथ्यांक प्रणाली निर्माण र सञ्चालन गरिनेछ।

३. नगरको सामाजिक, आर्थिक, भौगोलिक तथा जनसांख्यिक विवरण अद्यावधिक गर्न नगर प्रोफाइल तथा डिजिटल डाटाबेस प्रणाली सञ्चालन गरिनेछ।

४. वडा तहमा तथ्यांक संकलन, अभिलेखीकरण तथा अद्यावधिक कार्यका लागि तालिमप्राप्त जनशक्तिको परिचालन गरिनेछ।

५. शिक्षा, स्वास्थ्य, रोजगारी, विपद्, कृषि, बसोबास, महिला, बालबालिका, अपांगता लगायत विषयगत क्षेत्रमा विशेष अध्ययन तथा अनुसन्धान कार्यहरू सञ्चालन गरिनेछ।

६. स्थानीय निकायमा आधारित GIS प्रविधिको प्रयोग गरी भू—तथ्यांक व्यवस्थापन प्रणाली विकास गरिनेछ।

७. सबै सेवा क्षेत्रसँग सम्बन्धित अभिलेखहरूलाई डिजिटाइज गरी सुरक्षित अभिलेखीकरण प्रणाली सञ्चालन गरिनेछ।

८. नगर स्तरीय निर्णय प्रक्रियामा अनुसन्धान आधारित तथ्य र विश्लेषणलाई प्राथमिकता दिइनेछ।

९. नगरपालिका, शैक्षिक संस्था, गैरसरकारी तथा अनुसन्धान संस्थाबीच साझेदारीमा अनुसन्धान कार्य गर्न प्रोत्साहन गरिनेछ।

१०. नगरभित्र भएका ऐतिहासिक, सामाजिक, साँस्कृतिक, भौगोलिक तथा परम्परागत ज्ञानहरूलाई दस्तावेजिकरण गरिनेछ।

११. तथ्यांकको गोपनीयता, सुरक्षा तथा प्रयोगका लागि डेटा नीति, पहुँच र वितरण निर्देशिका निर्माण तथा कार्यान्वयन गरिनेछ।

(क) तथ्यांक, अभिलेखीकरण तथा अनुसन्धान

१. बिकास निर्माण लगायत अन्य आवश्यक स्थानहरुमा ड्रोनका माध्यमबाट बिवरण राखिनेछ | आवस्यक परेमा कृष्णपुर नगरपालिका बाट संचालित हुने विकास निर्माणका योजनाहरु लाई ड्रोनका माध्यमबाट अभिलेखीकरण गरिनेछ |

२. नीतिगत निर्णय, योजना तर्जुमा र सेवा प्रवाहलाई प्रभावकारी बनाउन वैज्ञानिक, समसामयिक र अद्यावधिक तथ्यांक प्रणाली विकास गरिनेछ।

३. नगरपालिका अन्तर्गतका सबै वडा तथा सेवा क्षेत्रहरूको डिजिटल प्रोफाइल तयार गरिनेछ।

४. स्थानीय तहमा उपलब्ध सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, कृषि, पूर्वाधार तथा वातावरणीय तथ्यांकहरू सम्बद्ध निकायको समन्वयमा नियमित रूपमा संकलन, वर्गीकरण र अभिलेखीकरण गरिनेछ।

५. नगरस्तरको नीति, कार्यक्रम र सेवा सुधारका लागि अनुसन्धान, अध्ययन तथा विश्लेषण कार्यहरू संचालन गरिनेछ।

६. नगरभित्रका सबै अभिलेख र दस्तावेजहरूलाई चरणबद्ध रूपमा डिजिटाइज गरी सुरक्षित डिजिटल अभिलेखीकरण प्रणाली विकास गरिनेछ।

७. तथ्यांक संकलन तथा व्यवस्थापनका लागि आवश्यक सूचना प्रविधिमा आधारित एप्स, पोर्टल र सफ्टवेयरहरू सञ्चालनमा ल्याइनेछ।

८. तथ्यांकको सत्यता, गोपनीयता र सुरक्षाको सुनिश्चितता गर्दै प्रयोगका लागि स्पष्ट निर्देशिका बनाई कार्यान्वयन गरिनेछ।

९. विषयगत तथा क्षेत्रगत अनुसन्धान कार्यमा शैक्षिक संस्था, अनुसन्धान केन्द्र, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

१०. ऐतिहासिक, सांस्कृतिक तथा परम्परागत ज्ञान, सीप र सम्पदाको संरक्षणका लागि दस्तावेजीकरण तथा अनुसन्धान गरिनेछ।

११. सबै वडामा तथ्यांक अभिलेखीकरण, अनुसन्धान र प्रतिवेदन लेखनसम्बन्धी जनशक्तिको क्षमता विकासका लागि तालिम तथा प्राविधिक सहयोग प्रदान गरिनेछ।

(ख) लेखापरिक्षण

१. नगरपालिकाको वित्तीय व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र विश्वसनीयता कायम गर्न नियमित आन्तरिक लेखापरिक्षण प्रणाली सुदृढ गरिनेछ।

२. सबै वडाहरू, कार्यालयहरू तथा मातहतका निकायहरूको वार्षिक लेखापरिक्षण सुनिश्चित गरिनेछ।

३. संघीय लेखा परीक्षण महाशाखाबाट गरिने बाह्य लेखापरिक्षण कार्यको प्रभावकारी व्यवस्थापन गरिनेछ।

४. लेखापरिक्षणबाट प्राप्त सुझाव, टिप्पणी तथा कमजोरीहरूलाई समेट्दै सुधार योजना बनाई कार्यान्वयन गरिनेछ।

५. लेखापरिक्षण प्रक्रियालाई प्रभावकारी बनाउन आवश्यक कर्मचारी अभिमुखीकरण तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

६. बजेट कार्यान्वयन, भुक्तानी प्रक्रिया तथा सार्वजनिक खरीदसम्बन्धी कार्यहरूमा लेखा परीक्षण पूर्व मूल्याङ्कन (**Pre-audit Check**) प्रणाली अपनाइनेछ।

७. SUTRA प्रणाली तथा अन्य वित्तीय सफ्टवेयरहरूमा आधारित अभिलेख राख्ने र लेखापरिक्षणको आधार तयार गर्ने कार्य प्रवर्द्धन गरिनेछ।

८. लेखापरिक्षण प्रक्रिया तथा प्रतिवेदनमा नागरिक पहुँच र सार्वजनिक जानकारी सुनिश्चित गरिनेछ।

९. वडास्तरमा लेखा परीक्षण प्रक्रियालाई व्यवस्थित गर्न आन्तरिक लेखा अनुगमन समिति गठन गरिनेछ।

१०. लेखापरिक्षणसँग सम्बन्धित नीति, निर्देशिका र मापदण्डहरूको पालना र कार्यान्वयन सुनिश्चित गरिनेछ।

११. बेरुजु समपरीक्षण र बेरुजु फछ्यौंटमा जोड दिईने छ ।

१२. आर्थिक अनुशासनमा विशेष ध्यान केन्द्रित गर्ने नीति अबलम्बन गरिएकोछ|

<u>(७) कानून मामिला तथा न्यायिक निरुपण</u>

१. न्यायमा सहज पहुँच अभिबृद्धिका लागि न्यायिक समितिको क्षमता विकास गरिने गरी न्यायमा सहज पहुँच स्थापित गर्न कानूनी ज्ञान एवं सचेतना अभिवृद्धि कार्यक्रमहरु संचालन गरिनेछ । साथै, न्यायमा पहुँच स्थापित गर्न समुदाय स्तरमै मेलमिलाप केन्द्र स्थापना गरी थप व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२. स्थानीय सरकार (सञ्चालन तथा व्यवस्थापन) ऐन, विद्यमान कानून तथा निर्देशिकाहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।

३. न्यायिक समिति मार्फत परेका मामिलाहरूको समयमै निष्पक्ष, तटस्थ र न्यायसंगत निरुपण सुनिश्चित गरिनेछ।

४. विवाद समाधानका लागि वैकल्पिक विवाद समाधान (ADR) प्रणालीलाई प्रवर्द्धन गरिनेछ, जसमा मेलमिलाप, मध्यस्थता तथा सुलह प्रक्रियालाई प्राथमिकता दिइनेछ।

५. न्यायिक समिति सदस्य, वडा सचिव तथा सम्बन्धित कर्मचारीहरूलाई न्यायिक कार्यसम्पादनसम्बन्धी तालिम र अभिमुखीकरण प्रदान गरिनेछ।

६. नगरवासीलाई न्यायसम्बन्धी जानकारी उपलब्ध गराउन नागरिक सचेतना कार्यक्रम, कानुनी परामर्श तथा विधिक सहायता कार्यक्रम सञ्चालन गरिनेछ।

७. महिला, दलित, अपांगता भएका व्यक्ति, बालबालिका तथा पीडित वर्गको पहुँच न्यायमा सुलभ बनाउन विशेष व्यवस्था गरिनेछ।

८. न्यायिक समितिमा दर्ता भएका उजुरी, फैसला, तथा सिफारिसहरूको डिजिटल अभिलेखीकरण प्रणाली विकास गरिनेछ।

९. विवाद समाधानमा प्रयोग हुने नियम, कार्यविधि तथा निर्देशिकाहरू अद्यावधिक गर्दै स्थानीय सन्दर्भअनुसार परिमार्जन गरिनेछ।

१०. न्यायिक निर्णयको कार्यान्वयन तथा अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

११. अन्य सरकारी निकाय तथा अदालतहरूसँग समन्वय गरी जटिल तथा गम्भीर प्रकृतिका कानुनी मामिलाहरू सुल्झाउने व्यवस्था मिलाइनेछ।

८) भूमी वयवस्थापनः

१. नगरमा अव्यवस्थित बसोबासिको भुमि नाप जाँच, विगतमा बिभिन्न आयोग, समितिबाट भएका जग्गाका अधुरा, अपुरा कार्यहरु द्रुत गरिमा अगाडी बढाई जग्गा धनि पुर्जा वितरण गरिएको छ, कृष्णपुर नगरपालिकाका बिभिन्न वडाको आधरभूत नाँप जाँच सम्पन्न गरी जग्गा धनि प्रमाणपत्र प्राप्तिका लागि भुमि समस्या समाधान आयोग कंचनपुरमा आवश्यक निर्णय गरी पठाईएको छ ।कृष्णपुर नगरपालिका भित्रका भुमिहिन, सुकुम्बासीलाई जग्गा व्यवस्था गरिनेछ ।
२. भूमिको चक्लाबन्दी गरि सामुहिक कृषि कार्यलाई प्रोत्साहन गरिनेछ ।
३. भुमि बाँझो राख्न नहुने कुरा विशेष जोड दिईनेछ ।
४. भुमिलाई भाडामा लिई गरिब, द्वन्द पिडित, आप्रवासी मजदुरलाई निःशुल्क खेती गर्न दिईनेछ ।

**९) उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनः**

१. उपभोक्ता हित सरक्षण र प्रवर्धनको लागि उपभोक्त र बिभिन्न पेशा व्यवसायीहरुलाई उपभोक्ता हित सम्बन्धी ऐन, कानून विषयमा जानकारी तथा चेतनामूलक कार्यक्रम संचालन गरिनेछ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विषयका बिशेषज्ञ सहित बजार अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।

**२. उपभोक्ताको अधिकार सुनिश्चित गर्न उपभोक्ता हित संरक्षण ऐन, २०७५ तथा सम्बन्धित नियमावलीको प्रभावकारी कार्यान्वयन गरिनेछ।**

**३. नगर क्षेत्रमा सञ्चालन हुने खुद्रा तथा थोक बजारहरूको नियमित अनुगमन, मूल्य निरीक्षण तथा गुणस्तर परीक्षण गरिनेछ।**

**४. म्याद नाघेका, विषादीयुक्त, नापतौलमा कमी भएका वा गुणस्तरीय नपर्ने वस्तुहरूको बिक्री नियन्त्रण गर्न बजार अनुगमन समिति गठन गरिनेछ।**

**५. नापतौल यन्त्रको प्रमाणीकरण, खाद्य सामाग्रीको नमूना परीक्षण र गुणस्तरीय सामग्री वितरणमा निगरानी प्रणाली लागू गरिनेछ।**

**६. उपभोक्ता सचेतना अभिवृद्धिका लागि विद्यालय, टोल तथा महिला समूहहरू मार्फत जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।**

**७. उपभोक्ताको गुनासो सुनुवाइ तथा समाधानका लागि उपभोक्ता गुनासो दर्ता तथा फिर्ता प्रणाली (Feedback and Redress Mechanism) स्थापना गरिनेछ।**

**८. नगरभित्रका होटल, पसल, डेरी, मासु पसल, तरकारी बजार आदि स्थानहरूमा स्वास्थ्य तथा स्वच्छता मापदण्डको अनुगमन गरिनेछ।**

**९. संघ, प्रदेश सरकार तथा सुरक्षा निकायसँग सहकार्य गरी कालोबजारी, कृत्रिम अभाव तथा ठगीजस्ता कार्यमा संलग्नहरूलाई कानूनी कारबाही गरिनेछ।**

**१०. उपभोक्ताको अधिकार, कर्तव्य तथा सहकार्यलाई प्रोत्साहन गर्न स्थानीय उपभोक्ता मञ्च गठन गरिनेछ।**

**११. गुणस्तरीय सेवा प्रवाह र पारदर्शी बजार व्यवस्था स्थापनार्थ नियमित बजार संवाद कार्यक्रम सञ्चालन गरिनेछ।**

१२. व्यवसाय दर्ता नगरेका व्यवसायीलाई कृष्णपुर नगरपालिकामा व्यवसाय दर्ता गर्ने तथा व्यवसाय दर्ताको अनुगमन कार्यमा निरन्तरता दिइनेछ ।

**१०) बिबिध**

१. लोक सेवा र शिक्षक सेवा आयोग लाई लक्षित गर्दै गरिब, जेहेन्दार र महिला विधार्थीलाई ३ महिने आयोग तयारी कक्षा संचालन गरईनेछ |
२. आ.व. २०८२/८३ मा शहिद स्मृति पार्क निर्माण गरिनेछ |
३. कृष्णपुर नगरपालिका भित्र छिटपुट रुपमा रहेको छाउपडी प्रथालाई निरुत्साहित गर्ने नीति लिइनेछ |
४. मुक्त कमैया, एकल तथा दलित महिला लगायत जीवन स्तर सुधारका लागि उनीहरुकै रोजाईको आय आर्जनका कार्यक्रम छनौट गरी त्यस्ता कार्यक्रम संचालन गर्न अनुदान तथा समन्वयको वयवस्थालाई निरन्तरता दिइनेछ |
५. नगर भित्रको जनसंख्या, घर जग्गाको स्वामित्व, बिभिन्न व्यक्तिको पेशा, रोजगार, व्यवसाय लगायतका व्यक्ति संग सम्बन्धित विभिन्न तथ्यांक संकलन गर्दै डिजिटलाईज गरिनेछ र यस्तो तथ्यांकका आधारमा नगरपालिकाले प्रदान गरिएने सेवा डिजिटल माध्यम बाट प्रदान गरिएन्छ |
६. वडा र नगरपालिकाबाट विभिन्न किसिमका सिफारिस लिन अनलाइन माध्यमबाट लिने व्यवस्था मिलाईनेछ |
७. नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाको नापी गरि नगरपालिका मातहत ल्याइनेछ |
८. नमुना युवा संसद कार्यक्रम संचालन गरिनेछ |
९. नगरको विकासका लागि सम्बन्ध विस्तारलाई अगाडी बढाईनेछ | स्वदेश र विदेशका शहरहरुसंग भगिनी सम्बन्ध जोड्ने निती लिईनेछ |
१०. मदिरा बिक्रि वितरणलाई निश्चित मापदण्डको आधारमा व्यवस्थित गर्न लगाइने नीति कडाईका साथ अबलम्बन गरिने छ |
११. कृष्णपुर नगर क्षेत्र भित्र बधशालाको निर्माण गरि व्यवस्थित रुपमा विकास गरिने छ |
१२. नगरको समग्र विकासका लागि सहयोग जुटाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग थप सम्बन्ध विस्तार गरिनेछ |
१३. कामका लागि भारत र अन्य मुलुक जाने आप्रवासी कामदारको सुरक्षित आप्रवासन र मानव बेचबिखन नियन्त्रणका लागि उक्त विषयगत क्षेत्रमा कार्यरत स्थानीय गैर सरकारी संस्थाहरु संगको सझेदारीमा कार्यक्रम अगाडी बढाईने छ |
१४. बिभिन्न आयोग तथा मुक्त कमैयाले प्राप्त गरेको जग्गा धनि प्रमाणपुर्जा बैंकिंग तथा अन्य कारोबारका लागि खुल्ला गर्न पहल गरिनेछ |
१५. सार्वजनिक खरिद योजनालाई पारदर्शी, मितव्ययी र प्रतिस्पर्धात्मक बनाउदै संस्थागत सुशासन कायम गर्न निर्माण व्यवसायी तह उपभोक्ता समितिहरुको प्राविधिक तथा तथा आर्थिक क्षमता, पुर्व कार्यसम्पादन स्थिति, कामको गुणस्तर र समयावधी, कार्यन्वयनमा रहेका योजनाहरुको ठेक्का सम्झौता र कार्यन्वयनको स्थिति सहितको विधुतीय प्रोफाईल तयार गरि संचालनमा ल्याईनेछ |

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा नगरपालिकालाई सबैबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दछु |